## अध्याय एक

# शोध परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

संस्कृतको भाष् धातुमा 'आ' प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ दिन्छ । यसरी निर्मित भाषा मानिसको विचार विनिमयको माध्यम हो तर विचार विनिमय गर्ने माध्यम स्पर्श,सङ्केत,आवाज भए पनि भाषा विज्ञानले यी सबै माध्यमबाट विचार विनिमय हुनुलाई मात्र भाषा मान्दैन । भाषा हुनुलाई मानिसका उच्चारण अङ्गद्वारा निस्कने आवाज वा बोलीहरूको  प्रयोग हुनुपर्दछ (अधिकारी,२०७४, पृ.२९०) । मानिस सामाजिक र सचेत प्राणी भएकाले सामाजिक व्यवहार सञ्चालन गर्न तथा अरूहरूले भनेका कुरा बुझ्न/ग्रहण गर्न अनि आफ्ना कुरा अरूलाई बुझाउन भाषाको प्रयोग गर्दछ । प्रत्येक जाति वा मानव सामुदायले आ- आफू बुझ्ने र आ-आफूमा सम्प्रेषित हुने गरी भाषाको निर्माण गरेको देखिन्छ (आचार्य, २०६६,पृ.१) ।

भाषाका वर्ण, रूप, शब्द, र वाक्य आदिमा अन्तर्निहित व्यवस्थालाई व्याकरण भनिन्छ । कुनै पनि भाषाका शब्द, तिनका विभिन्न रूप, तिनको संरचना, वाक्यात्मक घटकहरू, तिनको पारस्परिक सम्बन्ध एवम् शब्द,वाक्य, आदिको शुद्ध प्रयोग गर्ने नियमहरूको संगालो व्याकरण हो । कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचना, विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनको पारस्परिक सम्बन्ध छुट्ट्याउनुका साथै शब्द वाक्य आदिको शुद्ध प्रयोग तथा वाक्यसम्बन्धी नियम र उदाहरण सङ्कलन गर्ने शास्त्रलाई व्याकरण भनी परिभाषित गरेको छ (नेपाली बृहत् शब्दकोश, २०६७,पृ.११७८) । त्यस्तै नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याई कथ्य भाषा र लेख्य भाषा बिचको अन्तरलाई कम गरी स्तरीय मानक नेपाली सिक्न सिकाउन व्याकरणलाई विद्यालय तहदेखि नै प्रभावकारी रूपमा शिक्षण गर्नुपर्दछ( अधिकारी,२०७४,पृ.४१२) ।

नेपाली भाषाका माध्यमबाट प्रारम्भिक शिक्षा पहिलो प्रयास वि.स.१९५८ मा देवशमशेरद्वारा भएको पाइन्छ । त्यसबेलादेखि जयपृथ्वीबहादुर सिंहद्वारा लेखिएको 'अक्षराङ्क शिक्षा' नामक पुस्तक पाठशालाहरूमा लागु गरिएको पाइन्छ । वि.स.१९९० मा एस.एल.सी.

बोर्डको स्थापना भएपछि उच्च कक्षामा समेत नेपाली  माध्यमबाट पठनपाठन गर्ने व्यवस्था गरियो । यस्तै नेपाली भाषालाई पठनपाठनको सशक्त माध्यमको रूपमा विकास गर्नुपर्ने कुरा 'नेपाल राष्ट्रिय शिक्षा योजना आयोग' मा उल्लेख गरेको पाइन्छ । यस आयोगले माध्यमिक तहसम्म नेपाली भाषा भाषिक दक्षता व्यवहारद्वारा सिकाउनुपर्ने र व्याकरण पनि भाषिक दक्षता विकासका लागि सहायक हुनुपर्ने कुरालाई अघि सारेको पाइन्छ (भण्डारी र पौड्याल, ,२०७३,पृ.७६) ।

भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको छ । भाषा विना व्याकरणको अस्तित्व हुँदैन भने व्याकरण विना भाषा पनि सार्थक हुन सक्दैन । अतः सरकारी कामकाजको भाषा नेपालीको प्रयोगमा एकरूपता ल्याउनको लागि व्याकरण शिक्षण गर्नु अपरिहार्य देखिन्छ । निम्न माध्यमिक तहका पाठ्यपुस्तकमा समाविष्ट व्याकरण तत्वहरूको सैद्धान्तिक ज्ञानमा बढी जोड दिनुभन्दा पाठमा प्रयुक्त शब्द, वाक्य आदि भाषिक एकाइहरूभित्र भाषाको व्यवस्था खोज्ने, पहिल्याउने तथा बुझ्न अभ्यास गराउनु सान्दर्भिक हुन्छ भन्ने धारणा परिवर्तित वर्तमान पाठ्यक्रमले राखेको पाइन्छ ( अधिकारी,२०७४,पृ.४१३)।

वि.स.१९६९ मा डा.हेमराज पाण्डेको चन्द्रिका व्याकरण प्रकाशित भएपछि यसले नेपाली भाषामा एकरूपता ल्याएको पाइन्छ । यसैमा सोमनाथ सिग्द्यालद्वारा लेखिएको मध्य चन्द्रिका व्याकरणले शैक्षिक व्याकरणको प्रयोजनलाई बढी सार्थक तुल्याउन सफल देखिन्छ । त्यसपछि हालसम्म लेखिएका शैक्षिक व्याकरणहरू पनि यसलाई आधार मानी लेखिँदै आएको पाइन्छ (भण्डारी र पौड्याल, ,२०७३,पृ ७३)।

नेपालमा चारवटा परिवारका भाषाहरूमध्ये सबै भन्दा बढी जनसङ्ख्याले बोल्ने भाषाहरू भारोपेली परिवारका भाषा हुन् । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२३ वटा मातृभाषा बोलिएको पाइन्छ । जसमध्ये भोजपुरी र थारू भारोपेली परिवारका भाषा अन्तर्गत पर्दछ । भोजपुरी र थारू भाषा क्रमशः तेस्रो र चौथो स्थानमा देखिन्छ । वि.स.२०६८ सालको जनगणना अनुसार भोजपुरी मातृभाषा बोल्ने मानिसहरूको सङ्ख्या ६.० प्रतिशत र थारू मातृभाषा बोल्ने मानिसहरूको सङ्ख्या ५.८ प्रतिशत रहेको पाइन्छ ( अधिकारी,२०७४, पृ.३०२) । पर्सा जिल्लामा रहेको थारू र भोजपुरी मातृभाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमता कमजोर रहेको छ ।

## १.२ **समस्या कथन**

पर्सा जिल्लाको कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन नै प्रस्तुत शोधको समस्या रहेको छ । यस जिल्लामा बोलिने थारु र भोजपुरी मातृभाषी विद्यार्थीहरूमध्ये कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गर्दा विभिन्न समस्या देखा पर्दछन् । भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । व्याकरण बिना कुनै पनि भाषाको शिक्षण व्यावहारिक, व्यवस्थित र स्तरीय हुन सक्दैन । त्यसकारण नेपाली भाषाको सापेक्षतामा पर्सा जिल्लाका कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गर्दा निम्न लिखित प्रश्नलाई समस्याका रूपमा लिइएको छ :–

(क) कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमता कस्तो छ ?

(ख) विद्यालयको प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको व्याकरणात्मक क्षमता कस्तो रहेको छ ?

(ग) लैङ्गिकताको आधारमा उक्त विद्यार्थीहरूको व्याकरणात्मक क्षमता कस्तो रहेको छ ?

(घ) भाषिक पृष्ठभूमिको आधारमा उक्त विद्यार्थीहरूको व्याकरणात्मक क्षमता कस्तो रहेको छ ?

## १.३ **शोधको उद्देश्य**

प्रस्तुत शोधकार्यको उद्देश्यले समस्या कथनमा उठान गरिएको विषयवस्तुको चुस्त दुरूस्त उत्तर पत्ता लगाउनु रहेको छ, जुन देहाय बमोजिम रहेका छन् :

(क) कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गर्नु,

(ख) विद्यालयको प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गर्नु,

(ग) लैङ्गिकताको आधारमा उक्त विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गर्नु,

(घ) भाषिक पृष्ठभूमिको आधारमा उक्त विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गर्नु,

## १.४ अध्ययनको औचित्य

व्याकरण विशेष गरी भाषाको शिष्ट प्रयोगमा केन्द्रित रहन्छ । भाषाको प्रयोगलाई मानक स्तरीय बनाउन यसले सहयोग गर्दछ । यस अध्ययनले विद्यार्थीहरूको व्याकरणात्मक क्षमता कस्तो रहेको छ भने पत्ता लगाउन सकिन्छ । यस अध्ययनले पर्सा जिल्लाका कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन गरी सोही अनुसार कार्यकलाप सञ्चालन गर्न सहयोग र सूचना दिइएको छ । सम्बन्धित शीर्षकमा शोधकार्यमा गर्दा के कस्ता उपलब्धि हासिल हुन सक्छन् भन्ने कुराको निर्देशन यस स्तम्भमा दिने  गरिन्छ । थारु मातृभाषी हुनेहरूका लागि दोस्रो भाषा अथवा स्तरीय नेपाली भाषा सिक्न क्रममा स्रोत भाषाको प्रभाव पार्नु स्वाभाविक नै मानिन्छ । यसरी राष्ट्रका सामुदायिक कामका, साहित्य, सिर्जना, समालोचनाका क्षेत्रमा अग्रसर नेपाली भाषा भएकाले थारु भाषीलाई व्याकरणका सिपहरू प्रभावकारी रूपमा प्रयोग गर्न दक्ष बनाउनु वा बन्नु आवश्यक रहेको देखिन्छ । यसरी व्याकरणमा दक्षता अभिबृद्धि गर्नका निम्ति व्याकरणको सही प्रयोग गरी स्तरीय नेपाली सिक्नु आवश्यक रहेको छ । पर्सा जिल्लाका कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी मातृभाषी विद्यार्थीहरूको  व्याकरणात्मक सुझ, बुझाइ, प्रयोग गर्ने क्षमता कस्तो रहेको छ, नेपाली मातृभाषीका सन्दर्भमा थारु मातृभाषीले नेपाली व्याकरण सिक्ने क्रममा देखिएका समानता तथा असमानता पहिल्याउनुका साथसाथै समस्या क्षेत्र पहिचान गरी व्याकरणात्मक क्षमता अभिवृद्धिका लागि सुझाव दिनु यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययनका औचित्यलाई बुँदागत रूपमा निन्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन, अनुसन्धान गर्न चाहने अध्येतालाई आधार प्रदान गर्ने हुनाले यो सान्दर्भिक रहेको छ ।

(ख) सम्बन्धित कक्षाका विद्यार्थीको लेखाइ सम्बन्धी क्षमता पहिचान गर्नका लागि प्रस्तुत अध्ययनले सहयोग पुऱ्याएको छ ।

(ग) दोस्रो भाषा सिकाइको कठिनाइको पूर्वानुमान गर्नका लागि यो सहयोगी भएको छ ।

(घ) भाषिक शुद्धता कायम गर्नका लागि यो सहयोगी भएको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि शोधकार्यलाई निश्चित सीमाभित्र राखिएन भने शोधकार्यको उद्देश्य प्राप्त गर्न असहज हुन्छ । त्यसैले अुनसन्धानकर्ताले अध्ययन गर्नुपर्ने विषयको निश्चित सीमा निर्धारण गर्नु आवश्यक हुन्छ । प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) पर्सा जिल्लाका कक्षा आठमा अध्ययनरत थारू र भोजपुरी विद्यार्थीहरूको अध्ययनमा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन पर्सा जिल्लामा अवस्थित पाँच वटा सामुदायिक विद्यालय र पाँच वटा संस्थागत विद्यालयमा सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले भरेका प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूमा सीमित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनमा व्याकरणिक कोटि लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्यको आधारमा वाक्य परिवर्तन क्षमता पहिचानमा सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा देहाय बमोजिम प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

यस अध्यायभित्र अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमा र अध्ययनका रूपरेखा आदि रहेको छ ।

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

यस अध्यायभित्र यसभन्दा अघि प्रस्तुत शोधसँग सम्बन्धित पुस्तकको समीक्षा, शोध समीक्षा गर्नुका साथै व्याकरणात्मक कोटिहरू सम्बन्धित सैद्धान्तिक अवधारणा आदि कुरा समावेश गरिएको छ ।

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

यस अध्यायमा अध्ययन ढाँचा, जनसङ्ख्या तथा प्रतिनिधि नमुना, सामग्री वा उपकरण निर्माण, पूर्वपरीक्षण, तथ्य सङ्कलन र व्याख्या विश्लेषण आदिलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

अध्याय चार : समग्रमा व्याकरणात्मक क्षमताको पहिचान

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा व्याकरणात्मक क्षमताको तुलना

अध्याय छ : लैङ्गिकताको आधारमा व्याकरणात्मक क्षमताको तुलना

अध्याय सात : भाषिक पृष्ठभूमिमा आधारमा व्याकरणात्मक क्षमताको तुलना

अध्याय आठ : सारांश , निष्कर्ष र उपयोगिता

अन्तिम अध्यायका रूपमा रहेको अध्याय पाँचमा प्रस्तुत अध्ययनको सारांश, अध्ययनबाट प्राप्त निष्कर्ष र यस अध्ययनको के कस्ता उपयोगिताहरू हुने छ भनी प्रस्तुत गरिएको छ ।

सन्दर्भसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

पूर्व अध्ययन भनेको कुनै विषयवस्तु सम्बन्धी के - कति अनुसन्धान भएको र के - कति बाँकी छ त्यसको बारेमा विस्तृत रूपमा जानकारी प्राप्त गर्न हो । पूर्वकार्यको समीक्षामा त्यस विषयवस्तुसँग सम्बन्धित के - कस्ता कुराहरू छ ? त्यसको जानकारी प्राप्त हुन्छ । कुनै पनि कामको आधार बिगत हो र त्यसैलाई आधार मानेर वर्तमान निर्देशन गरी आफ्नो गन्तव्यमा पुऱ्याउँछ । पूर्वकार्यको समीक्षाले अहिलेसम्म भएको अनुसन्धानहरूको बारेमा जानकारी दिन्छ । पूर्वकार्यको समीक्षाबाट सजिलै तरीकाले अनुसन्धान अगाडि बढाउन मिल्छ । यसबाट उपयुक्त शीर्षक छनौट, विधि, उद्देश्य, सीमा र समस्या समाधान जस्ता विषयवस्तुमा विना रोकावट अनुसन्धान कार्य गर्न सकिन्छ । प्रस्तुत शोधकार्यसँग सम्बन्धित पुस्तक एवम् लेख रचनाहरू र सम्बन्धित शोधकार्यहरूको अध्ययनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.१.१ पुस्तकको समीक्षा

प्रस्तुत शोधकार्य विभिन्न विद्वान्हरूको पुस्तकको आधारमा तयार पारिएको छ । तीमध्ये केही विद्वान्हरूका पुस्तकहरूलाई निम्नानुसार समीक्षा गर्न सकिन्छ ।

अधिकारी (२०६३) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पाठ्य पुस्तक अन्तर्गत भाषिक सीपका विभिन्न पक्षको चर्चा गर्ने क्रममा व्याकरण शिक्षणको चर्चा गरिएको पाइन्छ । यस अन्तर्गत व्याकरणको महत्व, व्याकरण शिक्षणको आवश्यकता, व्याकरण शिक्षणको समस्याहरू, व्याकरण शिक्षणका विधि र कार्यकलाप आदि विषय समेटिएका पाइन्छ ।

भण्डारी र पौड्याल (२०७३) द्वारा लिखित 'सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान' नामक पाठ्यपुस्तक अन्तर्गत नेपालको भाषिक स्थिति बारे चर्चा गरिएको

पाइन्छ । यस अन्तर्गत नेपालको भाषिक स्थिति, नेपालको भाषानीति, राष्ट्रभाषा र राष्ट्रिय भाषाहरूको विकासका प्रयासहरू आदि विषय समेटिएका पाइन्छ ।

अधिकारी (२०७४) द्वारा लिखित 'निम्न माध्यमिक शिक्षक स्रोत सामग्री' नामक पुस्तक प्रकाशित गरिएको पाइन्छ । यस पुस्तकमा भाषा र व्याकरण सम्बन्धित समसामयिक व्याख्या गरिएको पाइन्छ । यसमा भाषाको परिचय, विशेषता, भाषिक परिवारको वर्गीकरणका आधारहरू, नेपालमा बोलिने प्रमुख मातृभाषाहरू तथा नेपाली व्याकरण आदिको व्याख्या गरिएको पाइन्छ ।

पौडेल (२०६९) द्वारा लिखित 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू' नामक पाठ्यपुस्तक अन्तर्गत त्रुटि विश्लेषणलाई पहिलो वा दोस्रो भाषा सिकाइका कठिनाइहरू के हुन सक्छन् र तिनको निदान कसरी हुन सक्छ भन्ने सन्दर्भको खोजी नै त्रुटि विश्लेषणको मुख्य ध्येयका रूपमा चिनाएको पाइन्छ ।

अधिकारी (२०७५) द्वारा लिखित 'समसामयिक नेपाली व्याकरण' नामक पुस्तक प्रकाशित गरिएको पाइन्छ । यस पुस्तकमा व्याकरण सम्बन्धित समसामयिक व्याख्या गरिएको पाइन्छ । यसमा व्याकरणका सम्पूर्ण कोटिका बारेमा व्याख्या गरिएको छ । यसमा लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष,भाव, वाच्यका दृष्टिले कायम हुने सङ्गति विशेष महत्वपूर्ण हुने कुराको व्याख्या गरेको पाइन्छ ।

यसरी माथि उल्लिखित विद्वान् र उनीहरूका पुस्तकको अलावा अन्य विभिन्न पुस्तकहरू पनि यस शोधसँग सम्बन्धित रहेका छन् तर सबैको समीक्षा गर्न आवश्यक नदेखिएकाले केही प्रमुख विद्वान् र उनका पुस्तकको मात्र चर्चा गरिएको छ । उक्त सबै पुस्तक र सम्बद्ध पक्षहरू शोधका महत्वपूर्ण आधार स्रोत रहेका छन् ।

### २.१.२ **शोधकार्यको समीक्षा**

पौडेल (२०७३) द्वारा 'कक्षा सातका थारू मातृभाषी विद्यार्थीको व्याकरणात्मक क्षमताको अध्ययन' शीर्षकमा शोध पत्र तयार पारिएको पाइन्छ । उक्त शोधमा कक्षा ७ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपाली सिक्दा पद सङ्गतिमा गर्ने त्रुटिहरूको पहिचान , व्याख्या र विश्लेषण गर्नु तथा पद सङ्गतिगत त्रुटिहरूलाइ र

न्यूनीकरणका लागि उपयुक्त सुझाव पेश गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । उक्त अध्ययन क्षेत्रीय विधिका माध्यमबाट कैलाली जिल्लाका पाँचवटा विद्यालयबाट २०/२० जनाका दरले जम्मा १०० जना प्रतिनिधि नमुना छनोट गरी परीक्षण गरिएको छ । यस अध्ययनले थारूभाषी विद्यार्थीहरूले गरेको सबै भन्दा बढी पुरूषगत त्रुटिहरू र सबै भन्दा कम लिङ्गगत त्रुटिहरू रहेको निष्कर्ष निकालिएको छ ।

शाह (२०६७) द्वारा 'कैलाली जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यको उद्देश्य थारू भाषाको व्याकरणात्मक कोटिका विशेषताहरू पहिल्याउनु, थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन गर्नु र समस्या समाधानका लागि आवश्यक सुझावहरू दिनु रहेको छ । उक्त अध्ययनमा थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिलाई आधार मानिएको छ । जसअर्न्तगत  लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष,भाव, वाच्य आदि रहेको छ । उक्त शोधकार्यमा मूलतः तुलनात्मक विधिको अवलम्बन गरिएको छ साथसाथै प्राथमिक र गौण विधिका माध्यमबाट सामग्री सङ्कलन र विश्लेषण गरिएको छ । कैलाली जिल्लाका थारू भाषा र नेपाली भाषाबिच के कस्तो समानता र असमानता छ भन्ने जान्न इच्छुको लागि यसबाट सहयोग मिल्ने छ भन्ने शैक्षिक प्रयोजन रहेको छ ।

खनाल (२०६८) द्वारा 'नवलपरासी जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन' शीर्षकमा प्रतिवेदन तयार पारिएको छ । उक्त शोधकार्य नवलपरासीको चारवटा गा.वि.स. लाई अध्ययनको क्षेत्र बनाइएको छ । जसअर्न्तगत  लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य करण र अकरण आदि रहेको छ । जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट र सामग्री निर्माण, तथ्य सङ्कलन र सामग्रीहरूको मानवीकरण जस्ता विधिहरूका माध्यमबाट अध्ययनलाई अगाडि बढाइएको छ । उक्त शोधकार्यको उद्देश्य थारू भाषाको व्याकरणात्मक कोटिका विशेषताहरू पहिल्याउनु र थारू भाषाका वक्ताको  नेपाली भाषाको प्रयोगमा हुने सम्भावित त्रुटि क्षेत्रहरू पहिल्याउनु साथसाथै समस्या समाधानका लागि आवश्यक सुझावहरू दिनु रहेको छ ।

बिनाडी (२०७४) द्वारा 'कठरिया थारू भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन' शीर्षकमा शोध प्रतिवेदन तयार गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कठरिया थारू भाषा विशेषताहरू पहिल्याउनु, थारू भाषा र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिका तहमा रहेका समानता र भिन्नता पहिचान गर्नु र सम्भावित त्रुटिहरू पहिल्याउनु आदि कुरामा सीमित रहेको छ । यो शोधकार्य कैलाली जिल्लाका भजनी नगरपालिका र जोशीपुर गा.पा.मा बोलिने कठरिया थारू भाषामा सीमित रहेको पाइन्छ । यसमा सैद्धान्तिक क्षेत्रीय र सर्वेक्षणात्मक र पुस्तकालय गरी विविध प्रकारका विधिहरूको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । जसअन्तर्गत लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य करण र अकरण, कारक र विभक्ति आदि रहेको छ । यस अध्ययनले कठरिया थारू भाषिका विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा धेरै असामानता छ भन्ने निष्कर्ष निकालिएको छ ।

पोखरेल (२०६९) द्वारा 'बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारू प्रथम भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा प्रतिवेदन तयार पारिएको छ । यस शोधको मुख्य उद्देश्य त्रुटिको पहिचान, वर्गीकरण, त्रुटिका कारण र समाधानका लागि सुझाव दिनु रहेको छ । यस अध्ययनमा बर्दिया जिल्लाका पाँच ग्रामीण र सहरी विद्यालयका छात्र/छात्रालाई सामग्री सङ्कलन छनोट गरी त्रुटिको पहिचान, त्रुटिको कारण र त्रुटिको वर्गीकरण तथा विश्लेषण गर्दै निराकरणात्मक उपायको खोजी गरिएको छ ।

खनाल (२०६९) द्वारा 'कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले वाक्य सङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोध प्रतिवेदन तयार गरिएको छ । उक्त शोधकार्य कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले वाक्य सङ्गतिमा गर्ने त्रुटिहरू पहिल्याउनु, लिङ्ग, वचन, पुरूष, काल, आदरगत त्रुटिहरूको वर्गीकरण गर्नु, त्रुटिको कारण पत्ता लगाई व्याख्या, विश्लेषण गर्नु तथा वाक्य सङ्गतिगत त्रुटिहरू न्यूनीकरणका लागि उपयुक्त सुझाव पेश गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । उक्त अध्ययन क्षेत्रीय विधिका माध्यमबाट कपिलवस्तु जिल्लाका चारवटा विद्यालयबाट १५/१५ जनाका दरले जम्मा ६० जना प्रतिनिधि नमुना छनोट गरी परीक्षण गरिएको छ । यस अध्ययनले थारूभाषी विद्यार्थीहरूले गरेको अधिकांश त्रुटिहरू मातृभाषाका व्यवधान र

कारणबाट भएको, बहुवचन रूप एउटै हुने हुँदा प्रायः सर्वनामको वचनमा त्रुटि रहेको निष्कर्ष निकालिएको छ ।

बिनाडी (२०६५) द्वारा 'डोटेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण' शीर्षकमा शोध प्रतिवेदन तयार गरिएको छ । उक्त शोधकार्यमा डोटीका विभिन्न क्षेत्रमा बोलिने भाषा र स्तरीय नेपाली भाषाबिच व्याकरणिक कोटिका आधारमा सामानता र भिन्नता देखाइएको छ । डोटेली भाषाका विशेषता र डोटेली भाषि विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने त्रुटिहरूको पहिचान गरी निराकरणको उपाय उल्लेख गरेको छ ।

आचार्य (२०६४) द्वारा 'देउखुरिया थारू भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण' शीर्षकमा शोध प्रतिवेदन तयार गरिएको छ । उक्त शोधकार्यमा थारू भाषा र स्तरीय नेपाली भाषाका लिङ्ग, वचन, पुरूष, काल, पक्ष, विभक्ति, रूपायन प्रक्रिया, शब्द भण्डार आदि पक्षको सामानता र असामानताको व्यतिरेकी अध्ययन गर्नु र उक्त आधारमा निष्कर्ष दिनु जस्ता प्रमुख उद्देश्यहरू रहेको पाइन्छ । यस शोधकार्य पुरा गर्न प्राथमिक र साहायक सामग्रीको अङ्गीकार गर्दै सङ्कलित सामग्रीहरूलाई वर्णात्मक तुलनात्मक पद्धति अवलम्बन गरी विश्लेषण गरिएकाले र विभिन्न सुझावहरू दिएकाले देउखुरिया थारू भाषिका निम्ति विशेष प्रभावकारी हुने मानिएको छ । उक्त शोधकार्यमा देउखुरिया थारू र स्तरीय नेपाली बिच व्याकरण कोटिगत व्यापक भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

राई (२०७४) द्वारा 'लोहोरूङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना' शीर्षकको शोधपत्र तयार पारिएको छ । यस अध्ययनमा लोहोरूङ भाषाको व्याकरणात्मक कोटिको व्यवस्था पहिचान गर्ने र लोहोरूङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसको अध्ययन कार्य अगाडि बढाउने क्रममा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिको प्रयोग गरी सङ्खुवासभा जिल्लाका लोहोरूङ मातृभाषी वक्ताहरूलाई जनसङ्ख्याका रूपमा रहेको छ । उक्त शोधकार्यमा लोहोरूङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा तुलना गर्दा लिङ्ग, वचन, आदर र वाच्यका आधारमा उल्लेखनीय भिन्नता रहेको र पुरूष, काल, पक्ष र भावमा केही समानता र भिन्नताहरू रहेको निष्कर्ष निकालिएको छ ।

बुढा (२०७४) द्वारा 'अथार मगरात क्षेत्रको मगर भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । यो अध्ययन रोल्पा जिल्लाका सेसी भेगमा बोलिने स्थानीय भाषिक भेद र नेपाली भाषाको व्याकरणात्मक कोटिमा सीमित रहेको छ । यसमा क्षेत्रीय अध्ययन विधिको आधारमा प्राथमिक र साहायक स्रोत सामग्रीको प्रयोग गरी प्रश्नावली, अन्तर्वार्ता र अवलोकनद्वारा सामग्री सङ्कलन गरिएको छ । यसमा नेपाली सिक्दा 'ट' वर्गका शब्द लेख्न र अर्थ छुट्टयाउन कठिनाइ हुने, क्रियामा लिङ्ग भेद गर्न नसक्ने, आदरगत त्रुटि आदि रहेको निष्कर्ष निकालिएको छ ।

माथिका अध्ययनहरू प्रायजसो विभिन्न भाषिका र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययनमा केन्द्रित छन् भने केही अनुसन्धान तुलनात्मक अध्ययनसँग सम्बन्धित रहेको पाइन्छ तर गर्न लागिएको शीर्षक नितान्त नौलो हुनुको साथै अध्ययन अनुसन्धान नभएकाले पर्सा जिल्लामा बोलिने थारू भाषा  र भोजपुरी मातृभाषिक विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन नामक शीर्षक प्रति चासो राख्ने जो कसैका लागि यो अध्ययन फलदायी हुने छ विश्वासका साथ यो शोधकार्य गरिने छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ व्याकरणात्मक कोटिहरू

व्याकरणात्मक कोटि भनेको रूपको व्याकरणिक पहिचान हो । जसलाई रूपसँग सम्बद्ध लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य, ध्रुवीयता आदिले वहन गर्दछ । रूपायनहरूले शब्दको यही व्याकरणात्मक कोटिमा परिवर्तन गर्दछ । तसर्थ रूपायनका आधार र किसिम भाषामा उपलब्ध विभिन्न व्याकरणात्मक कोटि हुन्छन् । भषामा वर्णदेखि वाक्यसम्म देखिने  लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य आदि जस्ता चिह्नलाई  व्याकरणात्मक कोटि भनिन्छ । नेपाली भाषामा विविध किसिमका व्याकरणात्मक कोटिहरू छन् । प्रस्तुत अध्ययन व्याकरणको जुन जुन कोटिको परीक्षणमा केन्द्रित छ, यहाँ ती पक्षको निम्नानुसार चर्चा गरिएको छ :

### २.२.१.१ लिङ्ग

भाले वा पोथी जातिलाई छुट्टयाउने व्याकरणात्मक कोटिलाई लिङ्ग भनिन्छ । यो नाम, क्रिया र विशेषणसँग सम्बद्ध व्याकरणात्मक कोटि हो । नेपालीमा भाले वा पुरूष जातिलाई बुझाउने नामलाई पुलिङ्ग र पोथी वा स्त्री जातिलाई बुझाउने नामलाई स्त्रीलिङ्ग गरी दुई किसिमको लिङ्ग व्यवस्था छ (पोखरेल र काफ्ले, २०७५, पृ. १८५) । जस्तै :

| **लिङ्ग** | **नेपाली भाषा** | **थारु भाषा** | **भोजपुरी** |
|---|---|---|---|
| पुलिङ्ग | भाइ भात खान्छ । | भाइ भात खाता । | भाइ भात खाता । |
| स्त्रीलिङ्ग | बहिनी भात खान्छे । | बनी भात खाता । | बहिन भात खातिया । |

### २.२.१.२ वचन

नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । त्यसैले यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ तापनि कतिपय सन्दर्भमा यसको सम्बन्ध सर्वनाम, क्रिया र विशेषणसँग रहेको पाइन्छ । नेपालीमा भने सङ्ख्यात्मक रूपमा एक बुझाउनेलाई एकवचन र एकभन्दा बढी बुझाउनेलाई बहुवचन गरी वचनका दुई भेद छन् । (अधिकारी, २०७५, पृ. ८९) । जस्तै :

| **वचन** | **नेपाली भाषा** | **थारु भाषा** | **भोजपुरी** |
|---|---|---|---|
| एकवचन | मानिस आयो । | आदमी आइल । | आदमी आगइल । |
| बहुवचन | मानिसहरू आए । | आदमी कुली आइल । | आदमी सब आगइल । |

### २.२.१.३ पुरुष

अभिव्यक्तिमा संलग्न सहभागीको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ । पुरुष पनि नेपाली भाषाको पद सङ्गतिको आधार हो । वाक्यमा प्रयोग भएका कर्ता र क्रिया पदहरूका बिचको सङ्गतिलाई प्रभावित तुल्याउनमा पुरुषको भूमिका रहेको हुन्छ । यो सर्वनामसँग सम्बन्धित हुन्छ । विचार सम्प्रेषणका कार्यमा तिन पक्षको संलग्नता प्रस्ट .रुपमा हुन्छ । नेपालीमा विचार व्यक्त गर्ने व्यक्तिलाई जनाउन प्रथम पुरुष, श्रोतालाई

जनाउन द्वितीय पुरुष र वक्ता र श्रोता बाहेक तेस्रो व्यक्तिलाई जनाउन तृतीय पुरुषको प्रयोग हुन्छ (अधिकारी, २०७५, पृ. ९८) । जस्तै :

| वचन | नेपाली भाषा | थारु भाषा | भोजपुरी |
|---|---|---|---|
| प्रथम | म स्कुल जान्छु । | हम स्कुल जाएब । | हम स्कुल जाएम । |
| द्वितीय | तँ घरमै बस् । | तु घरमै रह् । | तु घरमे रह् । |
| तृतीय | ऊ भात खान्छ । | तु भात खाइबे । | ऊ भात खाई । |

### २.२.१.४ आदर

व्यक्तिको सामाजिक इज्जत प्रतिष्ठालाई अभिव्यक्त गर्न प्रयोग गरिने सार्वनामिक रूपलाई आदर भनिन्छ । आदर जनाउँदा आदरको तहअनुसार क्रियापदका रूपहरूमा भिन्नता आउँछ । नेपाली भाषामा  आदर नाम, सर्वनाम तथा क्रियापदमा व्यक्त हुन्छ । नेपाली भाषाका आदर चार तह रहेको छ : शून्य आदर, मध्यम आदर, उच्च र उच्चतर आदर (अधिकारी,२०७१, पृ. १०२) । जस्तै :

| आदर | नेपाली भाषा | थारु भाषा | भोजपुरी |
|---|---|---|---|
| शून्य | तँ जान्छस् । | तु जइबे । | तु जइबे । |
| मध्यम | तिमी जान्छौ । | तोनीके जइबे । | तु जइब । |
| उच्च | तपाई जानुहुन्छ । | अपने जाएम। | रौवा जाएम । |
| उच्चतम | हजुर गइबक्सिन्छ । | अपने जातानी । | अपने जाएम । |

### २.२.१.५ काल

क्रियाको रूप र त्यस रूपमा वर्णित व्यापार वा अवस्थाको समयमाझ हुने सम्बन्धलाई काल भनिन्छ । यो यस्तो व्याकरणात्मक रीत वा ठङ्ग हो, जसद्वारा क्रियामा वर्णित व्यापार वा अवस्थाको समय जनाइन्छ । भाषामा कथनक्षण (अहिले) लाई केन्द्र बनाएर कालको भेद गरिन्छ । यस आधारमा कथनक्षणभन्दा पूर्वको समयलाई भूत, कथनसमयको समयलाई वर्तमान र कथनक्षण पछिको  समयलाई भविष्यत् भनिन्छ ।

कतिपय भाषामा वर्तमान र भविष्यत्लाई छुट्टाउने भिन्न भिन्न चिह्नक नहुने हुँदा दुवैलाई एउटैमा समेटेर अभूत भन्ने नाम दिइन्छ (शर्मा, २०७५, पृ. ४३५)। जस्तै :

| **काल** | **नेपाली भाषा** | **थारु भाषा** | **भोजपुरी** |
|---|---|---|---|
| वर्तमान | सागर आउँछ । | सागर आवता । | सागर आगइल । |
| भूत | राम घर गयो । | राम घर चलगइल । | राम घरे गइल । |
| भविष्यत् | सागर आउने छ । | सागर आवेबालाबा । | सागर आई । |

### २.२.१.६ पक्ष

पक्ष पनि क्रियामा व्यक्त हुने व्याकरणात्मक कोटि हो । यस कोटिको सम्बन्ध क्रियाका कालसँग छ । यसलाई त्यस्तो व्याकरणात्मक रीत वा ढङ्ग भनिन्छ, जसद्वारा क्रियामा वर्णित व्यापारको काल सम्बन्धी अनुभव वा मान्यता अभिव्यक्त हुन्छ । (शर्मा, २०७५, पृ. ४४०) । नेपालीमा क्रियापदले जनाउने मुख्य पक्ष पाँचवटा छन् । सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त । जस्तै :

| **पक्ष** | **नेपाली भाषा** | **थारु भाषा** | **भोजपुरी** |
|---|---|---|---|
| सामान्य | म भात खान्छु । | हाम भात खबऊ । | हम भात खाएम । |
| अपूर्ण | म भात खाँदै छु । | हम भात खातानी । | हम भात खातबानी । |
| पूर्ण | मैले भात खाएको छु । | हम भात खालेलेबानी । | हम भत खालेबानी । |
| अज्ञात | मैले भात खाएछु । | हम भात खालेलेबानी । | हम भत खालेबानी । |
| अभ्यस्त | म भात खान्थैं । | हम भात खातानी । | हम भात खातरहनी । |

### २.२.१.७ भाव

भाव पनि क्रियामा व्यक्त हुने व्याकरणात्मक कोटि हो । क्रियाको वास्तविक अर्थसँगै वक्ता वा लेखकको अभिवृत्ति समेत प्रकट गर्ने क्रियारूपलाई भाव भनिन्छ । नेपाली क्रियाको भाव मुख्यत : तीन किसिमको छन् । ती हुन् सामान्यार्थ, विध्यर्थ र अनिश्चयार्थ । विध्यर्थ इच्छार्थ र आज्ञार्थ गरी दुई प्रकारका छन् । त्यस्तै अनिश्चयार्थ पनि सम्भावनार्थ र सङ्केतार्थ गरी दुई प्रकारका हुन्छ (शर्मा, २०७५, पृ. ४४५)। जस्तै :

| भाव | नेपाली भाषा | थारु भाषा | भोजपुरी |
|---|---|---|---|
| सामान्यार्थ | म घर जान्छु । | हम घर जबऊ। | हम घर जाएम । |
| इच्छार्थ | म धेरै पढूँ । | हम बेसी पढम् । | हम धेर पढी । |
| आज्ञार्थ | तँ घर जा । | तु घर जो । | तु घर जो । |
| सम्भावनार्थ | राम हाँस्ला । | राम हस्ता । | राम हँसी । |
| सङ्केतार्थ | बादल लागे पानी पर्छ । | मेघ लागी त पानी परी । | बादल लागी त पानी परी । |

## २.२.१.८ वाच्य

अर्थमा परिवर्तन नगरी वाक्यका क्रियाको सम्बन्ध कर्ता र कर्मसँग फेर्ने ढङ्गलाई वाच्य भनिन्छ । यसलाई वाक्य वा उपवाक्य तहमा विशेषतः क्रियाका माध्यमबाट व्यक्त हुने व्याकरणिक कोटि मानिन्छ । नेपाली भाषामा वाच्य तीन प्रकारका हुन्छन् : कर्तृवाच्य , कर्मवाच्य र भाववाच्य । वाच्य परिवर्तन गर्दा सकर्मक कर्तृवाच्यबाट कर्मवाच्य तथा असकर्मक कर्तृवाच्यबाट भाववाच्यमा मात्र परिवर्तन गर्न सकिन्छ ( शर्मा,२०७१, पृ.४५०) । जस्तै :

| वाच्य | नेपाली भाषा | थारु भाषा | भोजपुरी |
|---|---|---|---|
| कर्तृवाच्य | श्यामले आँप खायो । | श्याम आम खालेलऊ । | श्याम आम खालेलख । |
| कर्मवाच्य | श्यामद्वारा आँप खाइयो । | श्यामसे आम खाइलजाई । | श्यामसे आम खाइलजाई । |
| भाववाच्य | हरि बेसरी हासियो । | हरि कसके हस्ता । | हरि जादा हँसेला । |

यसरी हेर्दा लिङ्गमा कर्ता पुलिङ्ग छ भने क्रियापद पनि पुलिङ्गमा छ । त्यसैगरी वचनमा कर्ता अनुसार क्रियापद पनि भोजपुरीमा रहेको छ । समग्रमा हेर्दा कर्ता जुन लिङ्ग वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यमा छ क्रियापद पनि त्यही लिङ्ग, वचन, पुरुष, आदर भावमा रहेको छ तर थारु भाषामा आदर नभएकाले यसमा नेपाली भाषामा जस्तो अति उच्च आदरको प्रयोग भएको पाइँदैन ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान एक औपचारिक र व्यवस्थित अध्ययन कार्य हो । अध्ययनमा विधि वा पद्धतिलाई अवलम्बन गरी उद्देश्यसम्म पुग्ने गरी कुनै पनि भाषाका सम्बन्धमा नयाँनयाँ कुराको खोज गर्नु भाषाको इतिहास प्रयोग र उपलब्धि बारे व्याख्या तथा विश्लेषण गरी नविनतम तथ्य पहिल्याउन गरिएको शोधकार्यलाई नै भाषिक अनुसन्धान भनिन्छ (भट्टराई, २०६८, पृ.१) । मानिसको जिज्ञासु स्वभावका कारण नै अनुसन्धानको विकास भएको हो । मानविय जिज्ञासा तथा कौतुहलता मेटाउन निश्चित, व्यवस्थित र तर्कपूर्ण प्रक्रिया अपनाइन्छ । निश्चित समयमा निश्चित उद्देश्य, कार्य र विधिमा आधारित भएर अनुसन्धान कार्य गरिन्छ । भाषिक क्षेत्रमा अनुसन्धान गर्दा सामग्रीको सङ्कलन, सामग्रीको सत्यापन, वर्गीकरण, विश्लेषण र व्याख्या, सामग्रीको तुलना र मूल्याङ्कन गरी निष्कर्षसम्म पुगी सिद्धान्त प्रतिपादन गर्ने काम गरिन्छ ।

योजना निर्माण, कार्यान्वयन र प्रतिवेदन लेखन गरी मुख्यतः तीन चरणमा अनुसन्धान कार्यलाई सम्पन्न गरिन्छ । भाषिक अनुसन्धानमा पनि तिनै सामान्य विधि वा प्रक्रियाका माध्यम अवलम्बन गरिन्छ । भाषिक अनुसन्धानमा सामान्य र विशेष विधिहरूको अवलम्बन गरी शोध गरिन्छ । भाषिक अनुसन्धानमा प्रयोग गरिने सामान्य विधिहरूमा वर्णनात्मक, सर्वेक्षण, क्षेत्रीय अध्ययन प्रयोगात्मक, भाषा प्रयोगशाला, तुलनात्मक र क्रियात्मक विधिहरू पर्दछन् । यी सबै विधिहरू वैज्ञानिक विधि भएकाले यिनले वस्तुगत पक्षमा जोड दिन्छन् ।

## ३.२ अध्ययनको ढाँचा

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक ढाँचाको उपयोग गरिएको छ ।

## ३.३ जनसङ्ख्या

यस अध्ययनको लागि शैक्षिक वर्ष २०७५ मा पर्सा जिल्लाको कक्षा आठमा अध्ययनरत थारू र भोजपुरी सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.४ नमुना अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययनका निम्ति पर्सा जिल्लाका पाँचवटा सामुदायिक र पाँच वटा संसथागत विद्यालयका विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ । प्रत्येक विद्यालयबाट ५/५ वटा थारु र भोजपुरी भाषी विद्यार्थीहरू गरी जम्मा १०० वटा विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । जसमध्ये २५ जना छात्र र २५ जना छात्रा गरी ५० जना थारु र २५ जना छात्र र २५ जना छात्रा गरी ५० जना भोजपुरी भाषी विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस अनुसन्धान कार्यमा प्रयोजनमूलक नमुना विधिको छनोटपश्चात् सोही विधि अन्तर्गत रहेर सामग्री सङ्कलन गर्नुपर्ने हुन्छ । अध्ययन विधिले सामग्रीको छनोट गरे देखि अन्तिम चरणसम्म शोधको दिशा निर्देशन गर्दछ । यस अध्ययनमा आवश्यकताअनुसार सैद्धान्तिक, क्षेत्रीय र सर्वेक्षणात्मक र पुस्तकालयीय गरी विविध प्रकारका तथ्याङ्क सङ्कलन गरिएको छ जुन सामग्री निम्न स्रोतबाट लिइएको छ :

### ३.५.१ प्राथमिक स्रोत

यस शोधकार्यमा थारू भाषी समुदायका बुद्धिजीवि, शिक्षक, विद्यार्थीहरूलाई सूचकका रूपमा लिइएको छ । यस अध्ययनका मूल केन्द्रका रूपमा रहेको पर्सा जिल्लाको जिराभवानी गा.पा. र विरगन्ज महानगरपालिका क्षेत्रलाई लिइएको छ । तिनै क्षेत्रमा भाषिक व्यवहारमा प्रयोग हुने आधारभूत शब्द र वाक्यहरू सङ्कलन गरिएको छ । यस अध्ययनमा २६ वटा व्याकरण सम्बन्धी प्रश्नावलीहरूलाई लिइएको छ ।

### ३.५.२ **द्वितीयक स्रोत**

यस शीर्षकसँग सम्बन्धिन सैद्धान्तिक पुस्तक, शोधपत्र, शोध निर्देशकका निर्देशन र विषय विशेषज्ञका राय सुझावलाई द्वितीयक स्रोतका सामग्रीको रूपमा उपयोग गरिएको छ ।

## ३.६ **पूर्व परीक्षण**

प्रश्न निर्माण गरिसकेपछि उपयुक्त प्रश्नहरू छनोट गर्न प्रश्नहरूलाई प्रतिनिधि समूहमा पूर्व परीक्षण गरी प्राप्त नतिजाको विश्लेषण गरी प्रश्नलाई परीक्षणको अन्तिम स्वरुप दिइएको छ । परीक्षणकालागि तयार पारिएका प्रश्नहरू श्री ने.रा.मा.वि. (सेढवा) मा गई २ जना छात्र र ३ जना छात्रा गरी ५ जना थारू र ३ जना छात्र र २ जना छात्रा गरी ५ जना भोजपुरी भाषी विद्यार्थीहरूमा परीक्षण गरिएको छ । पूर्व परीक्षणको नतिजा हेरी शोध निर्देशकको निर्देशनमा प्रश्नावलीमा रहेका कमी कमजोरी हटाई आवश्यक परिष्कृत र परिमार्जन गरिएको छ ।

## ३.७ **सामग्रीको मानकीकरण**

प्रस्तुत शोधकार्यमा कोष्ठमा दिइएका निर्देशक अनुसार वाक्य परिवर्तन गर्ने खालको प्रश्न निर्माण गरिएको छ । उक्त प्रश्न शोध निर्देशकलाई देखाई आवश्यकता अनुसार लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्य आदिबाट प्रश्न निर्माण गरी उक्त विश्लेषणबाट देखिएका कठिन एवम् सरल प्रश्नहरूको सन्तुलन मिलाई सम्पादन र परिमार्जन गरी अन्तिम रूप दिइएको छ ।

## ३.८ **सामग्री निर्माण**

दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन सम्बन्धित सामग्री सङ्कलन गरिने भएकाले त्यसै अनुसार सामग्री तयार गर्ने कार्य गरिएको छ । उक्त सामग्री निर्माण गर्दा कक्षा आठको नेपाली पाठ्यपुस्तकसँग सम्बन्धित विविध व्याकरणात्मक कोटि लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य जस्ता क्षेत्रमा विद्यार्थीको स्तर अनुसारका प्रश्नहरू बनाई शिक्षक तथा निर्देशकको सल्लाहमा परीक्षणका लागि प्रश्न

निर्माण गरिएको छ । उक्त प्रश्नहरू विषयगत प्रकृतिको हुने छ जहाँ प्रश्न संख्या २६ वटा रहेको छ । प्रत्येक प्रश्नको अङ्क भार एकका दरले जम्मा २६ पूर्णाङ्कको रहेको छ ।

## ३.९ **तथ्याङ्क विश्लेषण**

तथ्याङ्क विश्लेषणका क्रममा तथ्याङ्कको व्याख्या विश्लेषणका लागि लिने परीक्षण बाट प्राप्त नतिजाका आधारमा विद्यार्थीहरूको उपलब्धि स्तर मापन गरिएको छ । प्रस्तावित अध्ययनमा लिङ्ग सम्बन्धी २ प्रश्नलाई २ पूर्णाङ्क, पुरूष सम्बन्धी ३ प्रश्नलाई ३ पूर्णाङ्क, आदर सम्बन्धी ३ प्रश्नलाई ३ पूर्णाङ्क, वचन सम्बन्धी २ प्रश्नलाई २ पूर्णाङ्क, काल सम्बन्धी ३ प्रश्नलाई ३ पूर्णाङ्क, पक्ष सम्बन्धी ५ प्रश्नलाई ५ पूर्णाङ्क,भाव सम्बन्धी ५ प्रश्नलाई ५ पूर्णाङ्क,वाच्य सम्बन्धी ३ प्रश्नलाई ३ पूर्णाङ्क गरी जम्मा २६ पूर्णाङ्कको प्रश्न दिइएको छ । सङ्कलन गरिएको तथ्याङ्कलाई ठिक बेठिक छुट्याएर तालिकामा राखी प्रतिशतको आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय चार

## समग्रमा व्याकरणात्मक क्षमताको पहिचान

यस अध्ययनबाट पर्सा जिल्लाको कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमता अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यगत क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । लेख्य रूप अन्तर्गतका लेखनमा वाक्यगठनको उपयुक्त तालमेल हुनु जरुरी छ । व्याकरणभित्र भाषाको रूपगत तथा वाक्यगत संरचनाको वर्णन हुन्छ । व्याकरणले भाषाको आन्तरिक संरचना र नियमहरूको व्याख्या गर्ने कार्य गर्दछ । प्रत्येक भाषामा संरचनागत एकाईको अर्थ हुन्छ । ती एकाईहरूलाई निश्चित संरचनाको एकाईको स्वरूप प्राप्त गरेपछि खास वा वेग्लै अर्थ प्रदान गर्दछन् । यसरी भाषिक संरचनामा अर्थको पूर्णता भए उक्त संरचनाययुक्त वाक्य सार्थक हुन्छ । वाक्यमा प्रयुक्त पदहरूको आपसी मेल र व्याकरणिक सम्बन्धलाई पद सङ्गति भनिन्छ । सम्पूर्ण मानिसहरूका लागि भाषा विचार विनिमयको साधन हो । यसमा मूलत : कथ्य र लेख्य रूप प्रयोग हुँदै आएका छन् र लेख्य रूप अन्तर्गत लेखनमा पद सङ्गतिगत उपयुक्त तालमेल हुनु आवश्यक हुन्छ । पद सङ्गति युक्त लेखन कार्यमा दोस्रो मातृभाषीहरूले नेपाली लेखनमा बढी त्रुटि गरेको पाइन्छ ।

भाषाको शिष्ट प्रसङ्ग अनुकूल एवम् औचित्यपूर्ण प्रयोगको प्रतिनिधित्व गराउन पद सङ्गति मिल्नु अति आवश्यक हुन जान्छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमता हेर्दा पद सङ्गति विभिन्न पक्षहरू जस्तै : लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्य आदिमा त्रुटि गरेको पाइयो । पर्सा जिल्लाका पाँच वटा सामुदायिक विद्यालय र पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूमा विभिन्न प्रकारका प्रश्नहरू जस्ता प्रश्नावलीमा गरेका त्रुटिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१ विद्यार्थीहरूका व्याकरणात्मक क्षमताको पहिचान

#### ४.१.१ लिङ्गका आधारमा व्यारणात्मक क्षमता

व्याकरणिक कोटि अन्तर्गतका विभिन्न पक्षहरू मध्ये एक पक्षका रूपमा लिङ्ग रहेको हुन्छ । लिङ्गले भाले र पोथीलाई जनाउँछ । प्रस्तुत शोधमा पर्सा जिल्लामा कक्षा

आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूले लिङ्गका आधारमा वाक्य परिवर्तन गर्दा गर्ने त्रुटि अथवा उनीहरूको प्रयोग क्षमता मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १**

**लिङ्गका आधारमा व्याकरणात्मक क्षमता**

| **लिङ्ग** | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** |
|---|---|---|---|---|
| पुलिङ्ग | ७५ | ७५ | २५ | २५ |
| स्त्रीलिङ्ग | ७६ | ७६ | २४ | २४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तलिका १ मा लिङ्गका आधारमा व्याकरणात्मक क्षमता देखाइएको छ । उक्त तालिकामा पुलिङ्गको प्रयोग क्षमता ७५ प्रतिशत र स्त्रीलिङ्गको प्रयोग क्षमता ७६ प्रतिशत रहेको छ । यसरी माथि प्रस्तुत गरिएको तालिका अनुसार पुलिङ्ग र स्त्रीलिङ्गमा ठिक र गलत उत्तर दिनेमा १ प्रतिशतले भिन्नता रहेको पाइन्छ ।

त्रुटिको उदाहरण :– बहिनी राम्ररी खेल्ने छिन् । ( पुलिङ्ग )

उत्तर :–दाइ राम्रो खेल्ने छिन् ।

### ४.१.२ **वचनका आधारमा व्यारणात्मक क्षमता**

नेपाली भाषामा पद सङ्गतिका विभिन्न पक्ष अन्तर्गत वचन पनि पर्दछ । थारु र भोजपुरी मातृभाषी विद्यार्थीहरूमा पहिलो भाषाको प्रभावका कारण वचनमा पनि त्रुटि गरेको पाइन्छ । वचन पक्षसँग सम्बन्धित क्षमतालाई तालिकाद्वारा यस प्रकार प्रस्तुत गरिएको छ :

**तालिका २**

**वचनका आधारमा व्याकरणात्मक क्षमता**

| लिङ्ग | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
|---|---|---|---|---|
| एकवचन | ४६ | ४६ | ५४ | ५४ |
| बहुवचन | ५१ | ५१ | ४९ | ४९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

माथि प्रस्तुत तालिका अनुसार वचनका आधारमा वाक्य परिवर्तन गर्ने प्रश्नमा एक वचनमा ४६ जना (४६ प्रतिशत) ले सही उत्तर दिएका छन् भने ५४ जना (५४ प्रतिशत) ले गलत उत्तर दिएका छन् । त्यस्तै बहुवचनमा ५१ जनाले सही उत्तर दिएका छन् भने ४९ जनाले गलत उत्तर दिएका छन् । यसरी माथि प्रस्तुत गरिएको तालिका अनुसार वाक्यमा त्रुटि हुनेमा कर्ता र क्रियापद मिलेको छैन ।

त्रुटिको उदाहरण :–उनीहरू किताब पढ्छन् । (एकवचन )

उनी किताब पढ्छन ।

**४.१.३ पुरुषका आधारमा व्याकरणात्मक क्षमता**

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको पुरुषका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

**तालिका ३**

**पुरुष प्रयोग सम्बन्धी क्षमता**

| पुरुष | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
|---|---|---|---|---|
| प्रथम | ५७ | ५७ | ४३ | ४३ |
| द्वितीय | ५४ | ५४ | ४६ | ४६ |
| तृतीय | ५४ | ५४ | ४६ | ४६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ३ मा पुरुष प्रयोग सम्बन्धी क्षमता देखाइएको छ । उक्त तालिकामा प्रथम पुरुषको प्रयोग क्षमता ५७ प्रतिशत, द्वितीय पुरुषको प्रयोग क्षमता ५४ प्रतिशत र तृतीय पुरुषको प्रयोग क्षमता ५४ प्रतिशत रहेको छ । सबैभन्दा उच्चक्षमता प्रथम पुरुष र त्यसभन्दा कम क्षमता द्वितीय र तृतीय पुरुष रहेको छ ।

त्रुटिको उदाहरण :– तिमीहरू फुटबल खेल्छौ । (तृतीय पुरुष)

तपाईहरू फुटबल खेल्छन ।

### ४.१.४ **आदरका आधारमा व्याकरणात्मक क्षमता**

व्यक्तिलाई समान गर्न प्रयोग गरिने शब्दको व्याकरणिक कोटिलाई आदर भनिन्छ । प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको आदरका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ४**

**आदर प्रयोग सम्बन्धी क्षमता**

| आदर | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
|---|---|---|---|---|
| उच्च आदर | ७३ | ७३ | २७ | २७ |
| मध्यम आदर | ३० | ३० | ७० | ७० |
| अनादर | ६० | ६० | ४० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४ मा आदर प्रयोग सम्बन्धी क्षमता देखाइएको छ । उक्त तालिकामा उच्च आरदको प्रयोग क्षमता ७३ प्रतिशत, मध्यम आरदको प्रयोग क्षमता ३० प्रतिशत र अनादर आरदको प्रयोग क्षमता ६० प्रतिशत रहेको छ । त्यसै गरी उच्च, मध्यम र अनादर आदरमा क्रमश : २७,७० र ४० प्रतिशत रहेको छ । सबैभन्दा उच्चक्षमता उच्च आदरमा रहेको छ भने सबैभन्दा कम क्षमता मध्यम आदरमा रहेको छ ।

त्रुटिको उदाहरण :–तपाईसँग भएको शस्त्रास्त्र विद्या दिनुहुन्छ । (मध्यम आदर )

तिमीसँग भएको शस्त्रास्त्र विद्या दिनुहुन्छ ।

### ४.१.५ **कालका आधारमा व्याकरणात्मक क्षमता**

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको कालका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ५**

**कालका प्रयोग सम्बन्धी क्षमता**

| **काल** | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** |
|---|---|---|---|---|
| वर्तमान | ४७ | ४७ | ५३ | ५३ |
| भूत | ६० | ६० | ४० | ४० |
| भविष्यत् | ८५ | ८५ | १५ | १५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ५ मा काल प्रयोग सम्बन्धी क्षमता देखाइएको छ । उक्त तालिकामा वर्तमान कालको प्रयोग क्षमता ४७ प्रतिशत, भूत कालको प्रयोग क्षमता ६० प्रतिशत र भविष्यत् कालको प्रयोग क्षमता ८५ प्रतिशत रहेको छ । त्यसै गरी वर्तमान, भूत र भविष्यत् कालमा क्रमशः ५३, ४० र १५ प्रतिशतले त्रुटि गरेका छन् । सबैभन्दा उच्च क्षमता भविष्यत् कालमा रहेको छ भने सबैभन्दा कम क्षमता वर्तमान कालमा रहेको छ ।

त्रुटिको उदाहरण :–उसले राम्रो चित्र बनायो । ( वर्तमान काल )

उनी राम्रो चित्र बनायो ।

### ४.१.६ **पक्षका आधारमा व्याकरणात्मक क्षमता**

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको पक्षका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ६**

**पक्षको प्रयोग सम्बन्धी क्षमता**

| पक्ष | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
|---|---|---|---|---|
| सामान्य | ६० | ६० | ४० | ४० |
| अपूर्ण | ५२ | ५२ | ४८ | ४८ |
| पूर्ण | ६० | ६० | ४० | ४० |
| अज्ञात | ३६ | ३६ | ६४ | ६४ |
| अभ्यस्त | ६ | ६ | ९४ | ९४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ६ मा पक्ष प्रयोग सम्बन्धी क्षमता देखाइएको छ । उक्त तालिकामा सामान्य पक्षको प्रयोग क्षमता ६० प्रतिशत, अपूर्ण पक्षको प्रयोग क्षमता ५२ प्रतिशत, पूर्ण पक्षको प्रयोग क्षमता ६० प्रतिशत, अज्ञात पक्षको प्रयोग क्षमता ३६ प्रतिशत र अभ्यस्त पक्षको प्रयोग क्षमता ६ प्रतिशत रहेको छ । त्यसै गरी सामान्य, अपूर्ण, पूर्ण पक्ष, अज्ञात पक्ष र अभ्यस्त पक्षमा क्रमशः ४०, ४८, ४०, ६४ र ९४ प्रतिशत त्रुटि रहेको छ ।सबैभन्दा उच्च क्षमता सामान्य र पूर्ण पक्षमा रहेको छ भने सबैभन्दा कम क्षमता अभ्यस्त पक्षमा रहेको छ ।

त्रुटिको उदाहरण :– डोल्मा र पासाङ आएको हुने छ । ( अभ्यस्त पक्ष)

डोल्मा र पासाङ आएको हुनेथ्यौ ।

### ४.१.७ **भावका आधारमा व्याकरणात्मक क्षमता**

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको भावको आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ७**

**भावको प्रयोग सम्बन्धी क्षमता**

| भाव | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
|---|---|---|---|---|
| सामान्यार्थ | ३२ | ३२ | ६८ | ६८ |
| आज्ञार्थ | २६ | २६ | ७४ | ७४ |
| इच्छार्थ | २१ | २१ | ७९ | ७९ |
| सम्भावनार्थ | ५० | ५० | ५० | ५० |
| सङ्केतार्थ | १० | १० | ९० | ९० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ७ मा भाव प्रयोग सम्बन्धी क्षमता देखाइएको छ । उक्त तालिकामा सामान्यार्थ भावको प्रयोग क्षमता ३२ प्रतिशत, आज्ञार्थ भावको प्रयोग क्षमता २६ प्रतिशत, इच्छार्थ भावको प्रयोग क्षमता २१, सम्भावनार्थ भावको प्रयोग क्षमता ५० प्रतिशत र सङ्केतार्थ भावको प्रयोग क्षमता १० रहेको छ । सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थमा क्रमश : ६८, ७४, ७९, ५० र ९० प्रतिशत त्रुटि रहेको छ । सबै भन्दा उच्च क्षमता सम्भावनार्थ भावमा (५० प्रतिशत) रहेको छ भने सबैभन्दा कम क्षमता सङ्केतार्थ भावमा (१० प्रतिशत) रहेको छ ।

त्रुटिको उदाहरण :– परिश्रम गरेर फल पाइन्छ । (सङ्केतार्थ)

परिश्रम गरेर फल पाएछन ।

### ४.१.८ **वाच्यका आधारमा व्याकरणात्मक क्षमता**

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको वाच्यका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ८**

**वाच्यको प्रयोग सम्बन्धी क्षमता**

| **वाच्य** | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** |
|---|---|---|---|---|
| कर्तृवाच्य | ३० | ३० | ७० | ७० |
| कर्मवाच्य | ३२ | ३२ | ६८ | ६८ |
| भाववाच्य | २३ | २३ | ७७ | ७७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ८ मा वाच्य प्रयोग सम्बन्धी क्षमता देखाइएको छ । उक्त तालिकामा कर्तृवाच्यको प्रयोग क्षमता ३० प्रतिशत, कर्मवाच्यको प्रयोग क्षमता ३२ प्रतिशत र भाववाच्यको प्रयोग क्षमता २३ प्रतिशत रहेको छ । यसरी कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यमा क्रमशः ७०, ६८ र ७७ प्रतिशत त्रुटि रहेको छ । सबैभन्दा उच्च क्षमता कर्मवाच्यमा (३२ प्रतिशत) रहेको छ भने सबैभन्दा कम क्षमता भाववाच्यमा (२३ प्रतिशत) रहेको छ ।

त्रुटिको उदाहरण :– म त नेपाली संस्कृतिमा रमाएँ । (भाववाच्य)

आफू त नेपाली संस्कृतिमा रमाए ।

उपर्युक्त तालिकामा प्रस्तुत प्राप्ताङ्कका आधारमा पर्सा जिल्लाका कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूले व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्नको लागि प्रयोग गरेका लिङ्ग, वचन, पुरुष, आदर, भाव, पक्ष, काल र वाच्य मध्ये सबै भन्दा बढी त्रुटि वाच्य र भावमा गरेको पाइयो । त्यसपछि पक्ष सम्बन्धी बढी त्रुटि गरेको पाइयो । यसैगरी काल, आदर, वचन र पुरुषको प्रयोग मध्यम नै देखियो भने लिङ्गको प्रयोग सम्बन्धी क्षमता अन्यको भन्दा राम्रो देखियो ।

तालिका ९

मध्यमान र मानक विचलन बीच तुलना

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मनक विचलन | मध्यमान भन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ११.६२ | ५.८४ | ४७ | ४७ | ५३ | ५३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेको १०० जना दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको मध्यमान ११.६२ र मानक विचलन ५.८४ रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा उक्त मध्यमान भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४७ अर्थात् ४७ प्रतिशत र मध्यमान भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५३ अर्थात् ५३ प्रतिशत रहेको पाइन्छ । मध्यमान कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या भन्दा मध्यमान भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ प्रतिशत ले बढी देखिएकाले समग्र  दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमता मध्यस्तर भन्दा अलि राम्रो देखिन्छ भने मानक विचलन ५.८४ रहेकाले यस आधारमा पनि दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमता राम्रो रहेको पाइन्छ ।

## अध्याय पाँच

# विद्यालयको प्रकृतिका आधारमा व्याकरणात्मक क्षमताको तुलना

यस अध्ययनमा कक्षा आठमा अध्ययनरत पर्सा जिल्लाका दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यहाँ शोधकर्ताद्वारा शोध निर्देशकको परामर्शमा व्याकरण सम्बन्धमा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यमा विभिन्न समूह र वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहबिच व्याकरणात्मक क्षमतामा के कति अन्तर छ भन्ने तर्फ अध्ययन केन्द्रित रहेको छ ।

यहाँ तुलनात्मक विश्लेषण गर्ने क्रममा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको तुलना गरिएको छ । यसका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले गरेका त्रुटिलाई तल प्रस्तुत गरिएको छ :

## ५.१ लिङ्गका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूका लिङ्गका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १०**

**विद्यालय प्रकृतिका आधारमा लिङ्गगत तुलना**

| लिङ्ग | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| पुलिङ्ग | २४ | ४८ | २६ | ५२ | ४४ | ८८ | ६ | १२ |
| स्त्रीलिङ्ग | ३५ | ७० | १५ | ३० | ३९ | ७८ | ११ | २२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १० मा विद्यालय प्रकृतिका आधारमा लिङ्गगत तुलना गरिएको छ । उक्त तालिकामा पुलिङ्गमा सामुदायिक विद्यालयका ४८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ८८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी स्त्रीलिङ्गमा सामुदायिक विद्यालयका ७० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ७८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले लिङ्गमा बढी सही गरेको पाइयो ।

## ५.२ वचनका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको वचनका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ११**

**विद्यालय प्रकृतिका आधारमा वचनगत तुलना**

| वचन | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| एकवचन | १० | २० | ४० | ८० | ३५ | ७० | १५ | ३० |
| बहुवचन | २७ | ५४ | २३ | ४६ | २५ | ५० | २५ | ५० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १० मा विद्यालय प्रकृतिका आधारमा वचनगत तुलना गरिएको छ । उक्त तालिकामा एकवचनमा सामुदायिक विद्यालयका २० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ७० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी बहुवचनमा सामुदायिक विद्यालयका ५४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ५० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार

सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले एकवचनमा बढी सही गरेका छन् भने संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूले बहुवचनमा बढी सही गरेका छन् ।

## ५.३ पुरुषका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको पक्षका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १२**

**विद्यालय प्रकृतिका आधारमा पुरुषगत तुलना**

| पुरुष | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| प्रथम | २५ | ५० | २५ | ५० | २८ | ५६ | २२ | ४४ |
| द्वितीय | २९ | ५८ | २१ | ४२ | २१ | ४२ | २९ | ५८ |
| तृतीय | २३ | ४६ | २७ | ५४ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १२ मा विद्यालय प्रकृतिका आधारमा पुरुषगत तुलना गरिएको छ । उक्त तालिकामा प्रथम पुरुषमा सामुदायिक विद्यालयका ५० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ५६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी द्वितीय पुरुषमा सामुदायिक विद्यालयका ५८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ४२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी तृतीय पुरुषमा सामुदायिक विद्यालयका ४६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ५४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले प्रथम र तृतीय पुरुषमा बढी

सही गरेका छन् भने संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूले द्वितीय पुरुषमा बढी सही गरेका छन् ।

## ५.४ आदरका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको आदरका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १३**

**विद्यालय प्रकृतिका आधारमा आदरगत तुलना**

| आदर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| उच्च आदर | ३६ | ७२ | १४ | २८ | ३७ | ७४ | १३ | २६ |
| मध्यम आदर | १४ | २८ | ३६ | ७२ | १७ | ३४ | ३३ | ६६ |
| अनादर | ३१ | ६२ | १९ | ३८ | २८ | ५६ | २२ | ४४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १३ मा विद्यालय प्रकृतिका आधारमा आदरगत तुलना गरिएको छ । उक्त तालिकामा उच्च आदरमा सामुदायिक विद्यालयका ७२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ७४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी मध्यम आदरमा सामुदायिक विद्यालयका २८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ३४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अनादरमा सामुदायिक विद्यालयका ६२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ५६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले उच्च आदर र मध्यम आदरमा बढी सही गरेका छन् भने संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूले अनादरमा बढी सही गरेका छन् ।

## ५.५ कालका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको कालका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १४**

**विद्यालय प्रकृतिका आधारमा कालगत तुलना**

| **काल** | **सामुदायिक विद्यालय** | | | | **संस्थागत विद्यालय** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** |
| वर्तमान | २३ | ४६ | २७ | ५४ | २३ | ४६ | २७ | ५४ |
| भूत | ३१ | ६२ | १९ | ३८ | ३१ | ६२ | १९ | ३८ |
| भविष्यत् | ४२ | ८४ | ८ | १६ | ४३ | ८६ | ७ | १७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १४ मा विद्यालय प्रकृतिका आधारमा कालगत तुलना गरिएको छ । उक्त तालिकामा वर्तमान कालमा सामुदायिक विद्यालयका ४६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ४६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भूत कालमा सामुदायिक विद्यालयका ६२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ६२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भविष्यत् कालमा सामुदायिक विद्यालयका ८४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ८६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले भविष्यत् कालमा बढी सही गरेका छन् भने  वर्तमान र भूत कालमा सामान रुपमा दुबै विद्यालयका विद्यार्थीहरूले सही गरेका छन् ।

## ५.६ पक्षका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको पक्षका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १५**

**विद्यालय प्रकृतिका आधारमा पक्षगत तुलना**

| पक्ष | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| सामान्य | २० | ४० | ३० | ६० | ३९ | ७८ | ११ | २२ |
| अपूर्ण | २८ | ५६ | २२ | ४४ | २७ | ५४ | २३ | ४६ |
| पूर्ण | २९ | ५८ | २१ | ४२ | ३१ | ६२ | १९ | ३८ |
| अज्ञात | २२ | ४४ | २८ | ५६ | १४ | २८ | ३६ | ७२ |
| अभ्यस्त | ५ | १० | ४५ | ९० | २ | ४ | ४८ | ९६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १५ मा विद्यालय प्रकृतिका आधारमा पक्षगत तुलना गरिएको छ । उक्त तालिकामा सामान्य पक्षमा सामुदायिक विद्यालयका ४० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ७८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अपूर्ण पक्षमा सामुदायिक विद्यालयका ५६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ५४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी पूर्णमा सामुदायिक विद्यालयका ५८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ६२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अज्ञात पक्षमा सामुदायिक विद्यालयका ४४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका २८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अभ्यस्त पक्षमा सामुदायिक विद्यालयका १० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत

विद्यालयका ४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले सामान्य र पूर्णमा बढी सही गरेका छन् भने संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूले अपूर्ण, अज्ञात र अभ्यस्त पक्षमा बढी सही गरेका छन् ।

## ५.७ भावका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको भावका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १६**

**विद्यालय प्रकृतिका आधारमा भावगत तुलना**

| भाव | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| सामान्यार्थ | १४ | २८ | ३६ | ७२ | १९ | ३८ | ३१ | ६२ |
| इच्छार्थ | १२ | २४ | ३८ | ७६ | ९ | १८ | ४१ | ८२ |
| आज्ञार्थ | १६ | ३२ | ३४ | ६८ | १० | २० | ४० | ८० |
| सम्भावनार्थ | २४ | ४८ | २६ | ५२ | २६ | ५२ | २४ | ४८ |
| सङ्केतार्थ | २ | ४ | ४८ | ९६ | ७ | १४ | ४३ | ८६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १६ मा विद्यालय प्रकृतिका आधारमा भावगत तुलना गरिएको छ । उक्त तालिकामा सामान्यार्थ भावमा सामुदायिक विद्यालयका २८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयको ३८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी इच्छार्थ भावमा सामुदायिक विद्यालयका २४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका १८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी

आज्ञार्थ भावमा सामुदायिक विद्यालयका ३२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका २० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सम्भावनार्थ भावमा सामुदायिक विद्यालयका ४८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ५२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सङ्केतार्थमा सामुदायिक विद्यालयका ४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका १४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले सामान्याथ, सम्भावनार्थ र सङ्केतार्थमा बढी सही गरेका छन् भने संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूले इच्छार्थ र अज्ञार्थ भावमा बढी सही गरेका छन् ।

## ५.८ वाच्यका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका दोस्रो भाषी विद्यार्थीहरूको वाच्यका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १७**

**विद्यालय प्रकृतिका आधारमा वाच्यगत तुलना**

| **वाच्य** | **सामुदायिक विद्यालय** | | | | **संस्थागत विद्यालय** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** | **ठिक गर्ने** | **ठिक गर्ने (%)** | **त्रुटि गर्ने** | **त्रुटि गर्ने (%)** |
| कर्तृवाच्य | १७ | ३४ | ३३ | ६६ | १४ | २८ | ३६ | ७२ |
| कर्मवाच्य | २० | ४० | ३० | ६० | १६ | ३२ | ३४ | ६८ |
| भाववाच्य | १७ | ३४ | ३३ | ६६ | ७ | १४ | ४३ | ८६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १७ मा विद्यालय प्रकृतिका आधारमा वाच्यगत तुलना गरिएको छ । उक्त तालिकामा कर्तृवाच्यमा सामुदायिक विद्यालयका ३४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन्

भने संस्थागत विद्यालयको २८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी कर्मवाच्यमा सामुदायिक विद्यालयका ४० प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका ३२ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भाववाच्यमा सामुदायिक विद्यालयका ३४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् भने संस्थागत विद्यालयका १४ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले वाच्यमा बढी सही गरेका छन् ।

यसरी माथि विश्लेषण गरिएका तालिकाका आधामा विद्यार्थीहरूको व्याकरणात्मक क्षमता पहिल्याउदा कुनैमा सामुदायिक विद्यालयका विद्यार्थीहरू बढी सही गरेको पाइयो भने कुनैमा संस्थागत विद्यालयका विद्यार्थीहरू बढी सही गरेको पाइयो । यसैगरी लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यमध्ये सबैभन्दा बढी त्रुटि वाच्यमा संस्थागत विद्यालयका विद्यार्थीहरूले गरेको पाइयो । यसैगरी लिङ्ग, वचनमा संस्थागत विद्यालयका विद्यार्थीहरू  बढी सही गरेको पाइयो ।

## अध्याय छ

# लैङ्गिकता आधारमा व्याकरणात्मक क्षमताको तुलना

यस अध्ययनमा कक्षा आठमा अध्ययनरत पर्सा जिल्लाका विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको अध्ययन शीर्षकको अध्ययनमा शोधकर्ताद्वारा शोध निर्देशकको परामर्शमा व्याकरण सम्बन्धमा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्य पक्षमा विभिन्न समूह र वर्गबिच लिएको तथ्याङ्कका आधारमा सोही समूहबिच व्याकरणात्मक क्षमताको के-कति अन्तर छ भन्ने तर्फ अध्ययन केन्द्रित रहेको छ ।

यहाँ तुलनात्मक विश्लेषण गर्ने क्रममा छात्र र छात्रा विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको तुलना गरिएको छ । यसका आधारमा छात्र र छात्रा विद्यार्थीहरूले गरेका त्रुटिलाई छुट्टा छुट्टै शीर्षकमा प्रस्तुत गरिएको छ ।

## ६.१ लिङ्गका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको लिङ्गका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १८**

**लैङ्गिकताका आधारमा लिङ्गगत तुलना**

| लिङ्ग | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| पुलिङ्ग | ३५ | ७० | १५ | ३० | ३८ | ७६ | १२ | २४ |
| स्त्रीलिङ्ग | ३७ | ७४ | १३ | २६ | ३८ | ७६ | १२ | २४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १८ मा लैङ्गिकताका आधारमा लिङ्गगत तुलनात्मक क्षमता देखाइएको छ । उक्त तालिकामा पुलिङ्गमा छात्र विद्यार्थीहरूको प्रयोग क्षमता ७० प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको प्रयोग क्षमता ७६ प्रतिशत रहेको छ । त्यसैगरी स्त्रीलिङ्गमा छात्र विद्यार्थीहरूको प्रयोग क्षमता ७४ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको प्रयोग क्षमता ७६ प्रतिशत रहेको छ । यसरी माथि प्रस्तुत गरिएको तालिका अनुसार छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूमा पुलिङ्ग र स्त्रीलिङ्गमा प्रयोग क्षमता बढी रहेको छ ।

## ६.२ वचनका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी वद्यार्थीहरूको वचनका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका १९**

**लैङ्गिकताका आधारमा वचनगत तुलना**

| वचन | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| एकवचन | १६ | ३२ | ३४ | ६८ | २९ | ५८ | २१ | ४२ |
| बहुवचन | २० | ४० | ३० | ६० | ३२ | ६४ | १८ | ३६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका १९ मा लैङ्गिकताका आधारमा वचनगत तुलनात्मक क्षमता देखाइएको छ । उक्त तालिकामा एकवचनमा छात्र विद्यार्थीहरूको प्रयोग क्षमता ३२ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको प्रयोग क्षमता ५८ प्रतिशत रहेको छ । त्यसैगरी बहुवचनमा छात्र विद्यार्थीहरूको प्रयोग क्षमता ४० प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको प्रयोग क्षमता ६४ प्रतिशत रहेको छ । यसरी माथि प्रस्तुत गरिएको तालिका अनुसार  छात्रा विद्यार्थीहरू भन्दा छात्र विद्यार्थीहरूमा वचनको प्रयोग क्षमता बढी रहेको छ ।

## ६.३ पुरुषका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको पुरुषका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २०**

**लैङ्गिकताका आधारमा पुरुषगत तुलना**

| पुरुष | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| प्रथम | २१ | ४२ | २९ | ५८ | ३५ | ७० | १५ | ३० |
| द्वितीय | २४ | ४८ | २६ | ५२ | २९ | ५८ | २१ | ४२ |
| तृतयि | २२ | ४४ | २८ | ५६ | ३० | ६० | २० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २० मा लैङ्गिकताका आधारमा पुरुषगत तुलना गरिएको छ । उक्त तालिकामा प्रथम पुरुषमा ४२ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ७० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी द्वितीय पुरुषमा ४८ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ५८ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी तृतीय पुरुषमा ४४ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ६० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार  छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले पुरुषमा बढी सही गरेका छन् ।

## ६.४ आदरका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको आदरका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २१**

**लैङ्गिकताका आधारमा आदरगत तुलना**

| आदर | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| उच्च आदर | ३१ | ६२ | १९ | ३८ | ४१ | ८२ | ९ | १८ |
| मध्य आदर | ९ | १८ | ४१ | ८२ | २१ | ४२ | २९ | ५८ |
| अनादर | २४ | ४८ | २६ | ५२ | ३४ | ६८ | १६ | ३२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २१ मा लैङ्गिकताका आधारमा आदरगत तुलना गरिएको छ । उक्त तालिकामा उच्च आदरमा ६२ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ८२ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी मध्यम आदरमा १८ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ४२ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अनादरमा ४८ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ६८ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले आदरमा बढी सही गरेका छन् ।

## ६.५ कालका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको कालका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २२**

**लैङ्गिकताका आधारमा कालगत तुलना**

| काल | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| वर्तमान | १३ | २६ | ३७ | ७४ | ३४ | ६८ | १६ | ३२ |
| भूत | २३ | ४६ | २७ | ५४ | ३६ | ७२ | १४ | २८ |
| भविष्यत् | ३८ | ७६ | १२ | २४ | ४८ | ९६ | २ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २२ मा लैङ्गिकताका आधारमा कालगत तुलना गरिएको छ । उक्त तालिकामा वर्तमान कालमा २६ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ६८ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भूत कालमा ४६ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ७२ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भविष्यत् कालमा ७६ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ९६ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले कालमा बढी सही गरेका छन् ।

## ६.६ पक्षका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको पक्षका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २३**

**लैङ्गिकताका आधारमा पक्षगत तुलना**

| पक्ष | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| सामान्य | २१ | ४२ | २९ | ५८ | ४० | ८० | १० | २० |
| अपूर्ण | २४ | ४८ | २६ | ५२ | ३५ | ७० | १५ | ३० |
| पूर्ण | २२ | ४४ | २८ | ५६ | ४१ | ८२ | ९ | १८ |
| अज्ञात | १२ | २४ | ३८ | ७६ | २४ | ४८ | २६ | ५२ |
| अभ्यस्त | २ | ४ | ४८ | ९६ | ५ | १० | ४५ | ९० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २३ मा लैङ्गिकताका आधारमा पक्षगत तुलना गरिएको छ । उक्त तालिकामा सामान्य पक्षमा ४२ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ८० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अपूर्ण पक्षमा ४८ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ७० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी पूर्णमा ४४ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ८२ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अज्ञात पक्षमा २४ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ४८ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अभ्यस्त पक्षमा

४ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने १० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले पक्षमा बढी सही गरेका छन् ।

## ६.७ भावका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको भावका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २४**

**लैङ्गिकताका आधारमा भावगत तुलना**

| भाव | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| सामान्यार्थ | १३ | २६ | ३७ | ७४ | २० | ४० | ३० | ६० |
| इच्छार्थ | १२ | २४ | ३८ | ७६ | १३ | २६ | ३७ | ७४ |
| आज्ञार्थ | १३ | २६ | ३७ | ७४ | १५ | ३० | ३५ | ७० |
| सम्भावनार्थ | १९ | ३८ | ३१ | ६२ | ३० | ६० | २० | ४० |
| सङ्केतार्थ | ४ | ८ | ४६ | ९२ | ४ | ८ | ४६ | ९२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २४ मा लैङ्गिकताका आधारमा भावगत तुलना गरिएको छ । उक्त तालिकामा सामान्यार्थ भावमा २६ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ४० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी इच्छार्थ भावमा २४ प्रतिशत छात्र

विद्यार्थीहरूले ठिक गरेका छन् भने २६ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी आज्ञार्थ भावमा २६ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ३० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सम्भावनार्थ भावमा ३८ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ६० प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सङ्केतार्थमा ८ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ८ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले भावमा बढी सही गरेका छन् ।

## ६.८ वाच्यका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत शोधमा कक्षा आठमा अध्ययनरत छात्र/छात्रा दोस्रो भाषी विद्यार्थीहरूको वाच्यका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २५**

**लैङ्गिकताका आधारमा वाच्यगत तुलना**

| वाच्य | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| कर्तृवाच्य | ८ | १६ | ४२ | ८४ | २२ | ४४ | २८ | ५६ |
| कर्मवाच्य | १२ | २४ | ३८ | ७६ | २१ | ४२ | २९ | ५८ |
| भाववाच्य | १२ | २४ | ३८ | ७६ | १२ | २४ | ३८ | ७६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २५ मा लैङ्गिकताका आधारमा वाच्यगत तुलना गरिएको छ । उक्त तालिकामा कर्तृवाच्यमा १६ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ४४ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी कर्मवाच्यमा २४ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने ४२ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी

भाववाच्यमा २४ प्रतिशत छात्र विद्यार्थीहरूले ठिक गरेका छन् भने २४ प्रतिशत छात्रा विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले वाच्यमा बढी सही गरेका छन् ।

यसरी माथि विश्लेषण गरिएका तालिकाका आधारमा विद्यार्थीहरूको व्याकरणात्मक क्षमता पहिल्याउँदा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यमा छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले बढी सही गरेको पाइयो ।

## अध्याय सात

# भाषिक पृष्ठभूमिका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अधययनमा तुलनात्मक विश्लेषण गर्ने क्रममा थारु र भोजपुरी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको तुलना गरिएको छ । यसका आधारमा थारु र भोजपुरी विद्यार्थीहरूले गरेका त्रुटिलाई लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यगत शीर्षकमा प्रस्तुत गरिएको छ ।

## ७.१ लिङ्गका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको लिङ्गका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २६**

**भाषिक पृष्ठभूमिका आधारमा लिङ्गगत तुलना**

| लिङ्ग | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| पुलिङ्ग | ३६ | ७२ | १४ | २८ | ३७ | ७४ | १३ | २६ |
| स्त्रीलिङ्ग | ३४ | ६८ | १६ | ३२ | ४० | ८० | १० | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २६ मा भाषिक पृष्ठभूमिका आधारमा लिङ्गगत तुलना गरिएको छ । उक्त तालिकामा पुलिङ्गमा थारु भाषिक विद्यार्थीहरूले ७२ प्रतिशत ठिक गरेका छन् भने भोजपुरी भाषिक विद्यार्थहिरूले ७४ प्रतिशते ठिक गरेका छन् । त्यसैगरी स्त्रीलिङ्गमा थारु भाषिक विद्यार्थीहरूले ६८ प्रतिशत ठिक गरेका छन् भने भोजपुरी भाषिक विद्यार्थहिरूले ८० प्रतिशते ठिक गरेका छन् । पुलिङ्ग र स्त्रीलिङ्गमा क्रमशः २६ प्रतिशत र २० प्रतिशत ले गलत

उत्तर दिएका छन् । यसरी तालिका अनुसार  थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले लिङ्गमा बढी सही गरेका छन् ।

## ७.२ वचनका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको वचनका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २७**

**भाषिक पृष्ठभूमिका आधारमा वचनगत तुलना**

| वचन | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| एकवचन | १८ | ३६ | ३२ | ६४ | २७ | ५४ | २३ | ४६ |
| बहुवचन | २४ | ४८ | २६ | ५२ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २७ मा भाषिक पृष्ठभूमिका आधारमा वचनगत तुलनात्मक क्षमता देखाइएको छ । उक्त तालिकामा एकवचनमा थारु भाषिक विद्यार्थीहरूको प्रयोग क्षमता ३६ प्रतिशत रहेको छ भने भोजपुरी भाषिक विद्यार्थीहरूको प्रयोग क्षमता ५४ प्रतिशत रहेको छ । त्यसैगरी बहुवचनमा थारु भाषिक विद्यार्थीहरूको प्रयोग क्षमता ४८ प्रतिशत रहेको छ भने भोजपुरी भाषिक विद्यार्थीहरूको प्रयोग क्षमता ५४ प्रतिशत रहेको छ । यसरी माथि प्रस्तुत गरिएको तालिका अनुसार थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूमा वचनको प्रयोग क्षमता बढी रहेको छ ।

## ७.३ पुरुषका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको पुरुषका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २८**

भाषिक पृष्ठभूमिका आधारमा पुरुषगत तुलना

| पुरुष | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| प्रथम | २३ | ४६ | २७ | ५४ | ३० | ६० | २० | ४० |
| द्वितीय | २३ | ४६ | २७ | ५४ | २८ | ५६ | २२ | ४४ |
| तृतीय | २६ | ५२ | २४ | ४८ | २६ | ५२ | २४ | ४८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २८ मा भाषिक पृष्ठभूमिका आधारमा पुरुषगत तुलना गरिएको छ । उक्त तालिकामा प्रथम पुरुषमा ४६ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ६० प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी द्वितीय पुरुषमा ४६ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ५६ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी तृतीय पुरुषमा ५२ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ५२ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले पुरुषमा बढी सही गरेका छन् ।

## ७.४ आदरका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको आदरका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

तालिका २९

भाषिक पृष्ठभूमिका आधारमा आदरगत तुलना

| आदर | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| उच्च | ३६ | ७२ | १४ | २८ | ३६ | ७२ | १४ | २८ |
| मध्यम | १७ | ३४ | ३३ | ६६ | १३ | २६ | ३७ | ७४ |
| अनादर | २७ | ५४ | २३ | ४६ | ३२ | ६४ | १८ | ३६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका २९ मा भाषिक पृष्ठभूमिका आधारमा आदरगत तुलना गरिएको छ । उक्त तालिकामा उच्च आदरमा ७२ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ७२ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी मध्यम आदरमा ३४ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने २६ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अनादरमा ५४ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ६४ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार भोजपुरी भाषिक विद्यार्थीहरू भन्दा थारु भाषिक विद्यार्थीहरूले मध्यम आदरमा बढी सही गरेका छन् भने थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले उच्च र अनादरमा बढी सही गरेका छन् ।

## ७.५ कालका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको कालका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

तालिका ३०

भाषिक पृष्ठभूमिका आधारमा कालगत तुलना

| काल | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| वर्तमान | २५ | ५० | २५ | ५० | २२ | ४४ | २८ | ५६ |
| भूत | २८ | ५६ | २२ | ४४ | ३० | ६० | २० | ४० |
| भविष्यत् | ३७ | ७४ | १३ | २६ | ४७ | ९४ | ३ | ६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ३० मा भाषिक पृष्ठभूमिका आधारमा कालगत तुलना गरिएको छ । उक्त तालिकामा वर्तमान कालमा ५० प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ४४ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भूत कालमा ५६ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ६० प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भविष्यत् कालमा ७४ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ९४ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार भोजपुरी भाषिक विद्यार्थीहरू भन्दा थारु भाषिक विद्यार्थीहरूले वर्तमान कालमा बढी सही गरेका छन् भने थारु भाषिक  विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले भूत र भविष्यत् कालमा बढी सही गरेका छन् ।

## ७.६ पक्षका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको पक्षका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

## तालिका ३१

## भाषिक पृष्ठभूमिका आधारमा पक्षगत तुलना

| पक्ष | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| सामान्य | २७ | ५४ | २३ | ४६ | ३० | ६० | २० | ४० |
| अपूर्ण | २७ | ५४ | २३ | ४६ | २९ | ५८ | २१ | ४२ |
| पूर्ण | ३१ | ६२ | १९ | ३८ | २८ | ५६ | २२ | ४४ |
| अज्ञात | १९ | ३८ | ३१ | ७६ | १६ | ३२ | ३४ | ६८ |
| अभ्यस्त | ५ | १० | ४५ | ९० | १ | २ | ४९ | ९८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ३१ मा भाषिक पृष्ठभूमिका आधारमा पक्षगत तुलना गरिएको छ । उक्त तालिकामा सामान्य पक्षमा ५४ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ६० प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अपूर्ण पक्षमा ५४ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ५८ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी पूर्णमा ६२ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ५६ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अज्ञात पक्षमा ३८ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ३२ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी अभ्यस्त पक्षमा १० प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने २ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले सामान्य र अपूर्ण पक्षमा बढी सही गरेका छन् भने भोजपुरी

भाषिक विद्यार्थीहरू भन्दा थारु भाषिक विद्यार्थीहरूले पूर्ण, अज्ञात र अभ्यस्त पक्षमा बढी सही गरेका छन् ।

## ७.७ भावका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको भावका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ३२**

**भाषिक पृष्ठभूमिका आधारमा भावगत तुलना**

| भाव | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| सामान्यार्थ | १७ | ३४ | ३३ | ६६ | १६ | ३२ | ३४ | ६८ |
| इच्छार्थ | १० | २० | ४० | ८० | ९ | १८ | ४१ | ९२ |
| आज्ञार्थ | १३ | २६ | ३७ | ७४ | १२ | २४ | ३८ | ७६ |
| सम्भावनार्थ | २१ | ४२ | २९ | ५८ | २८ | ५६ | २२ | ४४ |
| सङ्केतार्थ | ५ | १० | ४५ | ९० | ४ | ८ | ४६ | ९२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ३२ मा भाषिक पृष्ठभूमिका आधारमा भावगत तुलना गरिएको छ । उक्त तालिकामा सामान्यार्थ भावमा ३४ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ३२ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी इच्छार्थ भावमा २० प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने १८ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी आज्ञार्थ भावमा २६ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने २४ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सम्भावनार्थ भावमा ४२ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका

छन् भने ४६ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सङ्केतार्थमा १० प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने ८ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार भोजपुरी भाषिक विद्यार्थीहरू भन्दा थारु भाषिक विद्यार्थीहरूले सामान्यार्थ,इच्छार्थ,आज्ञार्थ र सङ्केतार्थ भावमा बढी सही गरेका छन् भने थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले सम्भावनार्थ भावमा बढी सही गरेका छन् ।

## ७.८ वाच्यका आधारमा व्याकरणात्मक क्षमताको तुलना

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत थारु र भोजपुरी विद्यार्थीहरूको वाच्यका आधारमा व्याकरणात्मक क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ३३**

**भाषिक पृष्ठभूमिका आधारमा वाच्यगत तुलना**

| वाच्य | थारु भाषिक विद्यार्थी | | | | भोजपुरी भाषिक विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) | ठिक गर्ने | ठिक गर्ने (%) | त्रुटि गर्ने | त्रुटि गर्ने (%) |
| कर्तृवाच्य | १४ | २८ | ३६ | ७२ | १४ | २८ | ३६ | ७२ |
| कर्मवाच्य | १८ | ३६ | ३२ | ६४ | १४ | २८ | ३६ | ७२ |
| भाववाच्य | १० | २० | ४० | ८० | १४ | २८ | ३६ | ७२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ३३ मा भाषिक पृष्ठभूमिका आधारमा वाच्यगत तुलना गरिएको छ । उक्त तालिकामा कर्तृवाच्यमा २८ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने २८ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी कर्मवाच्यमा ३६ प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् भने २८ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी भाववाच्यमा २० प्रतिशत थारु भाषिक विद्यार्थीहरूले ठिक

गरेका छन् भने २८ प्रतिशत भोजपुरी भाषिक विद्यार्थीहरूले ठिक गरेका छन् । यसरी तालिका अनुसार कर्तृवाच्यमा दुबैले सामान रुपमा सही  गरेका छन् भने कर्मवाच्यमा भोजपुरी भाषिक विद्यार्थीहरू भन्दा थारु भाषिक विद्यार्थीहरूले बढी सही  गरेका छन् ।

यसरी माथि विश्लेषण गरिएका तालिकाका आधारमा थारु र भोजपुरी भाषिक विद्यार्थीहरूको व्याकरणात्मक क्षमता पहिल्याउँदा लिङ्ग, वचन, पुरुषमा भोजपुरी भन्दा थारु भाषिक विद्यार्थीहरूले बढी त्रुटि गरेको पाइयो ।

## अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

भाषा विचार सम्प्रेषणको माध्यम हो । भाषालाई समाजमा एक अर्कासँग विचार साटासाट गर्ने माध्यम भनिन्छ । व्याकरण चाहिँ भाषाको व्यवस्थापन र त्यसलाई नियमबद्ध गर्ने विधा हो । यस रूपमा व्याकरण भाषाका नियमहरूको समुच्यम र त्यसको व्यवस्था हो भन्ने ठहरिन्छ । व्याकरणले भाषाको उचित र उपयुक्त प्रयोगको बाटो देखाएर सम्प्रेषणको कार्यलाई सहज, सार्थक र सफल तुल्याउँछ । भाषालाई टुक्राटुक्रा पारेर संरचना देखाउने र त्यसको उचित प्रयोगका नियमहरू बुझाउने विधालाई व्याकरण भनिन्छ । प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ गरी पाँच अध्यायमा वर्गीकरण गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस अध्ययनमा अध्याय एकमा शोध परिचय राखिएको छ । यस अन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अध्ययनको सीमा र अध्ययनको रूपरेखा आदि रहेका छन् ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा राखिएको छ । यस अन्तर्गत पूर्वकार्यको समीक्षामा पुस्तक समीक्षा र पूर्व शोधकार्यको समीक्षा गरिएको छ । सैद्धान्तिक अवधारणा अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यका आधारमा थारु र भोजपुरी भाषि विद्यार्थीको प्रयोग क्षमता प्रस्तुत गरिएको छ ।

अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया राखिएको छ । यस अन्तर्गत जनसङ्ख्या, नमुना अध्ययनका क्षेत्र, तथ्याङ्क सङ्कलनका स्रोतहरू, पूर्व परीक्षण, सामग्रीको मा नकीकरण, सामग्री निर्माण र तथ्याङ्क विश्लेषण गरिएको छ ।

अध्याय चार कक्षा आठमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको व्याकरणात्मक क्षमताको पहिचान गर्दा लिङ्गगत क्षमता, वचनगत क्षमता, पुरुषगत क्षमता, आदरगत क्षमता, कालगत क्षमता, पक्षगत क्षमता, भावगत क्षमता, वाच्यगत क्षमताको स्थिति रहेको छ । अध्याय पाँचमा विद्यालय प्रकृतिका आधारमा व्याकरणात्मक क्षमताको तुलना र

विश्लेषण गरिएको छ । त्यसैगरी अध्याय छ र सातमा लैङ्गिकता र भाषिक पृष्ठभूमिमा आधारमा व्याकरणात्मक क्षमताको समग्र अवस्थाको यस खण्डमा विश्लेषण गरिएको छ । यसै आधारमा शोधकार्यको निष्कर्षमा पुगिएको छ ।

## ८.२ **निष्कर्ष**

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको व्याकरणात्मक क्षमता सम्बन्धी शीर्षक अन्तगर्त गरिएको परीक्षणबाट निम्नानुसार निष्कर्ष निकाल्न सकिन्छ ।

(क) व्याकरणको एउटा महत्वपूर्ण पक्ष लिङ्ग प्रयोग सम्बन्धी दिइएका वाक्य परिवर्तन गर्ने प्रश्नमा समग्रमा पुलिङ्गमा ७५ प्रतिशत र स्त्रीलिङ्गमा ७६ प्रतिशत विद्यार्थीहरूले ठिक गरेका छन् । त्यसैगरी सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूले पुलिङ्गमा ४० प्रतिशत र स्त्रीलिङ्गमा ८ प्रतिशतले बढी ठिक गरेको पाइयो । त्यसै गरी छात्र विद्यार्थीहरू भन्दा छात्रा विद्यार्थीहरूले पुलिङ्गमा ६ प्रतिशत र स्त्रीलिङ्गमा २ प्रतिशतले बढी ठिक गरेको पाइयो । त्यसैगरी थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले पुलिङ्गमा २ प्रतिशत र स्त्रीलिङ्गमा १२ प्रतिशतले बढी ठिक गरेको पाइयो ।

(ख) समग्रमा एकवचनमा ४६ प्रतिशत र बहुवचनमा ५१ प्रतिशत विद्यार्थीहरूले ठिक गरेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूले एकवचनमा ५० प्रतिशतले बढी र बहुवचनमा ४ प्रतिशतले बढी त्रुटि गरेको पाइयो । त्यसैगरी छात्र विद्यार्थीहरूभन्दा छात्रा विद्यार्थीहरूले एकवचनमा २६ प्रतिशत र बहुवचनमा २४ प्रतिशतले बढी ठिक गरेको पाइयो । त्यसैगरी थारु विद्यार्थीहरू भन्दा भोजपुर विद्यार्थीहरूले एकवचनमा १८ प्रतिशत र बहुवचनमा ६ प्रतिशतले बढी ठिक गरेको पाइयो ।

(ग) समग्रमा प्रथम, द्वितीय र तृतीय पुरुषमा क्रमशः ५७, ५४ र ५४ प्रतिशत विद्यार्थीले ठिक गरेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले प्रथम, द्वितीय र तृतीय पुरुषमा बढी ठिक गरेको पाइयो भने छात्र भन्दा छात्रा विद्यार्थीहरूले बढी ठिक गरेको पाइयो । त्यसैगरी थारु भाषिक विद्यार्थीहरू भन्दा भोजपुरी भाषिक विद्यार्थीहरूले पुरुष पक्षमा बढी ठिक गरेको पाइयो ।

(घ) व्याकरणको अर्को पक्ष आदर पक्षको प्रयोगमा समग्रमा उच्च, मध्यम र अनादरमा क्रमशः ७३, ३० र ६० प्रतिशत विद्यार्थीहरूले ठिक गरेको पाइयो । त्यसैगरी सामुदायिक भन्दा संस्थागत र छात्र भन्दा छात्रा विद्यार्थीहरूले पुरुष पक्षमा बढी ठिक गरेको पाइयो । त्यसैगरी थारु विद्यार्थीहरूले भन्दा भोजपुरी विद्यार्थीहरूले अनादर १० प्रतिशतले बढी ठिक गरेको पाइयो भने भोजपुरी भन्दा थारु विद्यार्थीहरूले मध्यम आदरमा ८ प्रतिशतले बढी ठिक गरेको पाइयो ।

(ङ) समग्रमा वर्तमान, भूत र भविष्यत्मा क्रमशः ४७, ६० र ८५ प्रतिशतले ठिक गरेका छन् भने संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको पनि प्रयोगमा क्षमता उस्तै-उस्तै देखियो । यसैगरी छात्र भन्दा छात्रा विद्यार्थीहरूको काल प्रयोग क्षमता राम्रो देखियो । त्यसैगरी थारु भषिक विद्यार्थीहरूको तुलनामा भोजपुरी भाषिक विद्यार्थीहरू भूत र भविष्यत् कालमा राम्रो देखियो तर वर्तमान कालमा भोजपुरी भन्दा थारु भषिक विद्यार्थीहरूले राम्रो गरेको पाइयो ।

(च) समग्रमा सबैभन्दा बढी ठिक सामान्य र पूर्ण पक्षमा (६० प्रतिशत) गरेको पाइयो । त्यसैगरी सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अपूर्ण, अज्ञात र अभ्यस्त पक्षमा क्रमशः २, १६ र ६ प्रतिशतले बढि ठिक गरेको पाइयो । त्यसैगरी छात्र भन्दा छात्रा विद्यार्थीहरूले पक्षमा राम्रो गरेको पाइयो । सामान्य र अपूर्ण पक्षमा भोजपुरी विद्यार्थीहरू भन्दा थारु भषिक विद्यार्थीहरूले बढी त्रुटि गरेको पाइयो भने पूर्ण, अज्ञात र अभ्यस्त पक्षमा थारु भषिक विद्यार्थीहरू भन्दा भोजपुरी विद्यार्थीहरूले बढी त्रुटि गरेको पाइयो ।

(छ) संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूले इच्छार्थ र आज्ञार्थमा ६ र १२ प्रतिशतले राम्रो गरेको पाइयो भने सामान्यार्थ, सम्भावनार्थ र सङ्केतार्थमा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले राम्रो गरेको पाइयो ।

(ज) समग्रमा कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यमा क्रमशः ३०, ३२ र २३ प्रतिशत वाच्य पक्षको प्रयोगमा ठिक गरेको पाइयो । संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थहिरूले कर्तृवाच्य, कर्मवाच्य क्रमशः ६ र ८ प्रतिशतले राम्रो गरेको पाइयो । त्यसैगरी छात्रका तुलनामा छात्रा विद्यार्थीहरूले राम्रो गरेको पाइयो । त्यसैगरी

कर्तृवाच्यमा समान त्रुटि गरेको पाइयो भने भाव पाच्यमा भोजपुरी भन्दा थारु विद्यार्थीहरूले बढी ८ प्रतिशतले बढी त्रुटि गरेको पाइयो ।

(झ) विद्यार्थीहरूको समग्रताका आधारमा वाक्य परिवर्तन गर्ने प्रश्नमा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यमा सबैभन्दा बढी ठिक लिङ्ग र वचन पक्षमा गरेको पाइयो । त्यसै गरी अरुमा सन्तोषजनक नै देखिएको पाइयो ।

(ञ) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना गर्दा लिङ्ग र वचन पक्षमा संस्थागत विद्यालयका विद्यार्थीहरूले राम्रो गरेको पाइयो । त्यसैगरी यी पक्षहरूमा पनि सबैभन्दा बढी त्रुटि वाच्य पक्षमा गरेको पाइयो ।

(ट) विद्यार्थीहरूको बिचमा तुलना गर्दा छात्रको तुलनामा छात्राहरूले बढी ठिक गरेको पाइयो । त्यसैगरी लिङ्ग, वचन, पुरुष र आदरमा भोजपुरी भन्दा थारु विद्यार्थीहरूले बढि ठिक गरेको पाइन्छ । अरु पक्षसम्बन्धी क्षमता सन्तोषजनक नै देखिएको पाइन्छ ।

## ८.३ शैक्षणिक उपयोगिता

प्रस्तुत शोधको शैक्षणिक उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टा छुट्टै शीर्षकमा निम्नानुसार देखाउन सकिन्छ ।

### ८.३.१ नीतिगत तह

(क) यस अध्ययनले निम्न माध्यमिक तहमा भाषा पाठ्य पुस्तक निर्माण गर्ने निर्मातालाई उक्त पाठ्य पुस्तकमा प्रयोग गरिने व्याकरणको छनोट र स्तरणमा सहयोग मिल्ने छ ।

(ख) विद्यार्थीहरूले व्याकरण प्रयोगमा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षणलाई प्रभावकारी र दिगो बनाउन शिक्षणकलाई तालिम सम्बन्धी नीति निर्माण गर्न सहयोग पुऱ्याउने छ ।

(ग) पाठ्य पुस्तक तथा अन्य सन्दर्भ सामग्री निर्माण कर्तालाई तिनमा व्याकरण प्रयोग सम्बन्धी अभ्यास समावेश गराउनु पर्ने तर्फ सचेत गराउने छ ।

(घ) यस अध्ययनले व्याकरण शिक्षणका निम्ति चाहिने आवश्यक शैक्षिक सामग्री सम्बन्धी दिशा निर्देशन गर्न सहयोग गर्ने छ ।

### ८.३.२ **प्रयोगगत तह**

(क) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको व्याकरण प्रयोग क्षमता सुदृढ नदेखिएकाले सामुदायिक र संस्थागत विद्यालय शिक्षक तथा विद्यार्थीहरूलाई सजगताका साथ अध्ययन अध्यापन गर्न गराउन प्रस्तुत अध्ययनले मार्ग निर्देशन गर्ने छ ।

(ख) यस अध्ययनले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कुन आधारमा व्याकरणात्मक क्षमता कति रहेछ भनि जिज्ञासा राख्ने जोसुकैलाई पुरा गर्न उपयोगी हुनेछ ।

(ग) शिक्षकलाई व्याकरण सिकाउँदा नवीनतम् शैक्षिक सामग्रीको साथसाथै नवीनतम् शिक्षण विधिको प्रयोग गरी शिक्षण गराउने मार्ग निर्देशन गर्ने छ ।

(घ) शिक्षक, विद्यार्थीहरूलाई पृष्ठपोषण दिन उपयोगी हुनेछ ।

(ङ) व्याकरण सम्बन्धी समस्या पहिचान गर्न र तिनको निराकरण गर्न सहयोगी हुनेछ ।

(च) विद्यार्थीको स्तर, क्षमता, आवश्यकता विषयवस्तु, शिक्षण सामग्री र शिक्षण विधि छनोट गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।

### ८.३.३ **भावी अध्ययनका लागि सम्बन्धित शीर्षक**

प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेर गर्न सक्ने भावी अध्ययनका लागि केहि सम्भावित शीर्षकहरू निम्नानुसार छन् :

१. थारु र भोजपुरी भाषामा व्याकरण लेखन अभ्यास ।

२. थारु र भोजपुरी भाषामा व्याकरणात्मक कोटिको अध्ययन ।

३. पर्सा जिल्लामा बोलिने थारु र भोजपुरी भाषाको अध्ययन ।

४. स्तरीय नेपाली भाषा र भोजपुरी भाषाको तुलनात्मक अध्ययन ।

५. पर्सा जिल्लाका भोजपुरी भाषाको शब्द निमार्ण प्रक्रिया : एक अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०७५), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०७४), *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री–२,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि ।

आचार्य, कृष्णप्रसाद (२०६६), *सामान्य भाषा विज्ञान,* कीर्तिपुर : क्षितिज प्रकाशन ।

आचार्य, प्रकाश  (२०६४), *देउखुरिया थारू भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय , नेपालीभाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

खनाल, लता (२०६९), *कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले वाक्य सङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

खनाल, कृष्णप्रसाद (२०६आठ), *नवलपरासी जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

न्यौपाने, टंकप्रसाद, भण्डारी, पारसमणि र न्यौपान, दीपकप्रसाद (२०७३), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेले, केशवराज र काफ्ले, उमेश (२०७५), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पोखरेल, दुर्गा (२०६९), *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरते थारू प्रथम भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

पौडेल, भगवती (२०७३), *कक्षा सातका थारू मातृभाषी विद्यार्थीको व्याकरणात्मक क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

प्रज्ञा प्रतिष्ठान, (२०६७), *नेपाली बृहत शब्दकोश,* काठमाडौँ : ने.रा. प्र.प्र. ।

बिनाडी, महेश्वर (२०६५), *डोटेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

बिनाडी,दीर्घराज (२०७४), *कठरिया थारू भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

बुढा, मनप्रसाद (२०७४), *अथार मगरात क्षेत्रको मगर भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययन,* स्नातकोत्तर शोधपत्र , शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

राई, भविकला (२०७४),*लोहोरूङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका तुलना,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षण विभाग, त्रि. वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०७१),*प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ :नेपाल प्रज्ञा प्रतिष्ठान ।

शाह, भरत (२०६७), *कैलाली जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट (क)

## परीक्षण अध्ययन गरिएका विद्यालयहरूको नामावली

१. श्री वितो महतो जनता माध्यमिक विद्यालय, नौकाटोला
२. श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढवा विर्ता -२
३. श्री ज्ञान वाटिका माध्यमिक विद्यालय, सुवर्णपुर-५
४. श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, संठी
५. श्री दिपनारायण आदर्श उच्च माध्यमिक विद्यालय, औराहा
६. माउन्ट हर्मन स्कुल, परसौनी -४
७. समबिअस इङ्लिस बोर्डिङ स्कुल, वीरगंज
८. सन्नी इन्टरनेश्नल एकेडेमीक पर्सा, वीरगंज
९. मिनी लैन्ड अंग्रेजी माध्यमिक विद्यालय, वीरगंज-१०
१०. युनिभर्सल सेकेन्डरी इ. बि. स्कुल, वीरगंज -१५

## परिशिष्ट (ख)

## परीक्षण अध्ययन गरिएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको नामावली

| क्र.स. | छात्रा | प्राप्ताङ्क | क्र.स. | छात्र | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | पुष्पारन्जन कुमारी यादव | ११ | १. | तौकिट मिया | ६ |
| २. | प्रिया कुमारी चौधरी | ८ | २. | जंग बहादुर यादव | ४ |
| ३. | करिना कुमारी | ८ | ३. | रोहित कुमार | ६ |
| ४. | मधु कुमारी | ५ | ४. | अर्जुन कुमार | १३ |
| ५. | सोर्मिला चौधरी | १ | ५. | नवल किशोर यादव | १२ |
| ६. | प्रति कुमारी | ५ | ६. | राहुल चौधरी | ८ |
| ७. | देवकी कुमारी | ४ | ७. | पृथ्वीनारायण साह | १ |
| ८. | कल्पना कुमारी | ११ | ८. | कुशल चौधरी | ५ |
| ९. | निर्मला कुमारी | ८ | ९. | रोबिन यादव | ३ |
| १०. | एलिजा दास | ७ | १०. | दिपक दास | २० |
| ११. | प्रिया पासवान | ७ | ११. | प्रभु चौधरी | १८ |
| १२. | निशा कुमारी महतो | २० | १२. | नन्दकिशोर दास | १५ |
| १३. | निता कुमारी महतो | २२ | १३. | खेमराज कुमार | १५ |
| १४. | सुरती कुमारी | २२ | १४. | देवकिशन चौधरी | १५ |
| १५. | पूर्णिमा कुमारी | १७ | १५. | दीपक पटेल | २१ |
| १६. | नितु कुमारी | १९ | १६. | हरिओम महतो | १० |
| १७. | पुष्पा शाह | २१ | १७. | सतेन्द्र गोलदार | ११ |
| १८. | ज्ञानज्योति चौधरी | १५ | १८. | सुनिल दुसाद | ८ |
| १९. | मुस्कान चौधरी | १३ | १९. | सरोज दास | ४ |
| २०. | सोनम महतो | ९ | २०. | लालबाबु चौधरी | १८ |
| २१. | दुलारी कुमारी | ४ | २१. | संदीप राम | ९ |
| २२. | रविता चौधरी | ११ | २२. | बलिराज पटेल | ७ |
| २३. | चन्द्रमा यादव | २१ | २३. | चंदन महरा | १५ |
| २४. | रुवि चौधरी | १३ | २४. | संजय चौधरी | १९ |
| २५. | पुष्पा पटेल | २२ | २५. | बलिराम चौधरी | १७ |

## परिशिष्ट (ग)

## परीक्षण अध्ययन गरिएका संस्थागत विद्यालयका विद्यार्थीहरूको नामावली

| क्र.स. | छात्रा | प्राप्ताङ्क | क्र.स. | छात्र | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | नन्दनी चौधरी | १३ | १. | समिर चौधरी | १८ |
| २. | सुरुती चौधरी | ११ | २. | शिवम गुप्ता | ९ |
| ३. | सुमैया चौधरी | १० | ३. | रहसान आलम | १० |
| ४. | ज्योति कुमारी | ११ | ४. | अर्जुन कुशवाहा | १० |
| ५. | प्रनिता पाण्डे | १३ | ५. | शिवम पटेल | ३ |
| ६. | कल्पना चौधरी | १६ | ६. | निर्मल चौधरी | १७ |
| ७. | आँचल चौधरी | १९ | ७. | सागर चौधरी | १७ |
| ८. | संजना कुमारी | १६ | ८. | शिवम गुप्ता | १४ |
| ९. | सरिता पटेल | १७ | ९. | सनोज पटेल | १४ |
| १०. | कुमकुम चौधरी | १३ | १०. | राजु पटेल | १४ |
| ११. | पिंकी दास | १९ | ११. | निराज चौधरी | ४ |
| १२. | सोनम दास | १५ | १२. | भोला चौधरी | ५ |
| १३. | निशा पंडित | १८ | १३. | अबताब हवारी | ११ |
| १४. | खुश्बु खातुन | १७ | १४. | उमेश महतो | ६ |
| १५. | सिमरन चौधरी | २३ | १५. | नन्दकिशोर यादव | ८ |
| १६. | स्वेता चौधरी | २० | १६. | अमित चौधरी | ३ |
| १७. | उषा चौधरी | २२ | १७. | आदित्य चौधरी | ४ |
| १८. | स्नेहा साह | १९ | १८. | साहिल पटेल | १ |
| १९. | साहामा खातुन | १७ | १९. | नीराज पटेल | १२ |
| २०. | मेनका दास | २ | २०. | सुजवल गुप्ता | १० |
| २१. | प्रियांका चौधरी | १४ | २१. | विकास दास | २ |
| २२. | पुजा साह | १० | २२. | दिनेश चौधरी | ० |
| २३. | निशा चौधरी | १४ | २३. | शिवम पाण्डे | १४ |
| २४. | निर्जला पण्डित | १३ | २४. | ओमबाबु सरफि | १४ |
| २५. | अन्जली चौधरी | १७ | २५. | रवि थापा | १२ |

# व्यक्तिवृत

नाम : सुचिता कुमारी यादव

जन्म मिति : २०४९/२/३

बाबुको नाम : कपिलदेव यादव

आमाको नाम : सुशिला देवी

स्थायी ठेगाना : जीराभवानी गा.पा.–२, पर्सा

अस्थायी ठेगाना : बालकोट, भक्तपुर

लिङ्ग : महिला

राष्ट्रियता : नेपाली

मातृभाषा : भोजपुरी

धर्म : हिन्दु

सम्पर्क न. : ९८४९६४१०८२

इमेल : ssuchitayadav@gmail.com

**शैक्षिक योग्यता**

| क.स. | तह | संस्था |
|---|---|---|
| १ | एस.एल.सी | श्री नवगावा मा.वि. चरगाँहा,पर्सा |
| २ | प्रवीणता प्रमाणपत्र | ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज |
| ३ | स्नातक | '" " " " " |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ |

## पर्सा जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको व्याकरणात्मक क्षमतापरीक्षणका लागि तयार पारिएका प्रश्नावलीहरू

विद्यालयको नाम :- पूर्णाङ्क :-२६

विद्यार्थीको नाम :- समय :-३० मिनेट

रौल नं. :- कक्षा :-८ मातृभाषा :-

## कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

१) बाबा घुम्न जानुहुन्छ । (स्त्रीलिङ्ग)

उत्तर :-

२) बहिनी राम्ररी खेल्ने छिन् । (पुलिङ्ग)

उत्तर :-

३) तिमीले कविता लेख्यौ । (बहुवचन)

उत्तर :-

४)उनीहरू किताब पढ्छन् । (एकवचन)

उत्तर :

५) हामी राम्ररी पढ्छौँ । (द्वितीय पुरुष) उत्तर :-

६) तिमीहरू फुटबल खेल्छौ । (तृतीय पुरुष) उत्तर :-

७) उनीहरू फुटबल खेल्छन् । (प्रथम पुरुष) उत्तर :-

८) तँ किताब पढ्छस् । (उच्च आदर) उत्तर :-

९) तपाईसँग भएको शस्त्रास्त्र विद्या दिनुहुन्छ । (मध्यम आदर)

उत्तर :-

१०) तिमी चिठी लेख्छौ । (अनादर) उत्तर :-

११) महेश ग्रन्थचित्र हेर्छ । (भूत काल) उत्तर :-

१२) उसले राम्रो चित्र बनायो । (वर्तमान काल) उत्तर :-

१३) म कथा लेख्छु । (भविष्यत् काल)   उत्तर :-

१४) हर्क गुरुङले भूगोलको नक्सा कोरे । (पूर्ण पक्ष)     उत्तर :-

१५) आकाशमा बादल लागेछ । (अपूर्ण पक्ष)    उत्तर :-

१६) विद्यार्थीहरू मैदानमा खेल्दै छन् । (सामान्य पक्ष)   उत्तर :-

१७) डोल्मा र पासाङ आएका हुने छ । (अभ्यस्त पक्ष)  उत्तर :-

१८) रमा ठुलो पदमा पुगेको छ । (अज्ञात पक्ष) उत्तर :-

१९) हामी छोटो कथा पढ्छौँ । (इच्छार्थ)उत्तर :-

२०) उनीहरू कविता लेख्छन् । (सम्भावनार्थ)   उत्तर :-

२१) तिमीहरू पाठ्य पुस्तक पढ्छौ । (आज्ञार्थ)  उत्तर :-

२२) तँ भात खा । (सामान्यार्थ) उत्तर :-

२३) परिश्रम गरेर फल पाइन्छ । (सङ्केतार्थ)   उत्तर :-

२४) हामी पाटीपौवा बनाउँछौँ । (कर्मवाच्य)    उत्तर :-

२५) होलीमा हाँसिन्छ । (कर्तृवाच्य)     उत्तर :-

२६) म त नेपाली संस्कृतिमा रमाएँ । (भाववाच्य)

उत्तर :-